# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक


## श्रीनाथ अधिकारी (श्याम) को छैटौं बार्षिक स्मृति दिवस सम्पन्न




पोखरा । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल ७ नम्बर क्षेत्रीय ब्युरोले आफ्नो पार्टीका पूर्व नेता श्रीनाथ अधिकारी (श्याम) को आज छैटौं बार्षिक स्मृति दिवस कार्यक्रम सम्पन्न गरेको छ । पोखरा सिर्जनाचोक स्थित पार्टीको ब्युरो कार्यालयमा बाँकी २ पेजमा


वर्ष १० अङ्क २ पूर्णाङ्क ४२८ | २०८२ असार २३ गते सोमबार | Monday 7 July, 2025 | पृष्ठ ८ | मूल्य रू. १०।–


# भ्रष्टाचारका विरूद्ध जनप्रतिरोधको खाँचो

काठमाडौं । २४० वर्षे शाहवंशीय राजतन्त्रात्मक शासन, १०४ बर्षे जहानियाँ राणा शासन, ३५ वर्षे संसदीय व्यवस्था हुँदै १७ वर्षे कथित लोकतान्त्रिक गणतन्त्र कालसम्म आइपुग्दा नेपाल देशभित्र मात्रै होइन अन्तर्राष्ट्रिय जगतमा पनि भ्रष्ट मुलुकको रूपमा बद्नाम बन्न पुगेको छ । भ्रष्टाचार, अनियमितता अर्थात् अख्तियारको दुरूपयोगकै कारण नेपालमा ठूल्ठूला काण्ड र प्रकरणहरू घटित हुँदै आएका छन् ।

भ्रष्टाचार, अनियमितता अर्थात् अख्तियारको दुरूपयोगका काण्ड र प्रकरणले अहिलेको कथित लोकतान्त्रिक गणतन्त्ररूपी संसदीय व्यवस्था अत्यन्तै भ्रष्ट, नालायक, निकम्मा, जनघाती र राष्ट्रघाती साबित भएको छ । भ्रष्टाचार संघात्मक सरकार, प्रदेश सरकार, स्थानीय सरकार हुँदै वडा वडामा विषाक्त रूपमा फैलिएको छ ।

आन्तरिक राजस्व, आन्तरिक ऋण, वैदेशिक अनुदान, सहयोग र ऋण अनि वैदेशिक रोजगारीमा गएका नेपालीहरूले पठाएको रेमिट्यान्समा राज्यका तीनवटै सरकारले संस्थागत रूपमा ब्रम्हलुट मच्चाएका छन् । भ्रष्टाचारको बारेमा अनुसन्धान गर्ने, भ्रष्टाचारलाई नियन्त्रण गर्ने निकाय अख्तियार दुरूपयोग अनुसन्धान आयोग नै भ्रष्टाचारको अखडा भएको आरोप लाग्दै आएको छ । भ्रष्टाचारीहरूलाई कानुनी उपचार गर्ने न्यायालय नै भ्रष्टाचार र अनियमितताका असंख्य मुद्दाहरूबाट बद्नाम छ । पछिल्लो चरणमा जिउँदै मान्छेलाई इँटाभट्टामा हालेर मान्छेको हत्या गर्ने कांग्रेसका नेता अदालतले आलमलाई सफाई दिएपछि सार्वजनिक रूपमा अदालतको तीव्र आलोचना भइरहेको छ र पीडितहरूले न्यायका लागि मिडियालाई गुहारीरहेका छन् ।

व्यवस्थापिका र कार्यपालिकाले त अझ भ्रष्टाचारीहरूलाई खुल्लमखुल्ला संरक्षण गर्दै आएको छ । पछिल्ला दिनमा बद्नाम भिजिट भिस्सा प्रकरणमा मुख्य दोषी ठहरिएका गृहमन्त्री रमेश लेखकलाई सत्तारुढ पार्टीहरू कांग्रेस एमालेले संरक्षण गरे । सदन र सडकमा चर्को आलोचना हुँदा पनि प्रमुख प्रतिपक्षीको भूमिकामा रहेको माओवादी केन्द्रले समेत यस विषयमा छानबिन, अनुसन्धान हुँदा आफ्नै पार्टीका पूर्वमन्त्रीहरूपनि छानबिनको दायरामा आउने देखेपछि यो मुद्दाबाट पछि हट्यो र रातारात सत्तारुढ पार्टीहरूसँगै घाँटी जोड्न पुग्यो ।

अझ अहिलेको सरकार वा गठबन्धनको आधार नै भ्रष्टाचारीहरूलाई संरक्षण गर्ने उद्देश्य र नियतबाट प्रेरित रहेकोले कांग्रेस एमालेको गठबन्धन सरकारले सुरुकै दिनदेखि राज्यसत्ता र शक्तिको दुरूपयोग गरेर आफूमाथि लागेका भ्रष्टाचारहरूको आरोप पुष्टि हुने कागजी प्रमाणहरू नष्ट गर्ने, आफ्ना विरोधीहरूलाई भने तिनै कागजका आधारमा अख्तियार र अदालत लगाउने गतिविधिहरू पुष्टि हुने घटनाक्रमहरू अगाडि बढिरहेका छन् ।

पछिल्लो १७ वर्षको मात्रै छानबिन गर्ने हो भने पनि विगतमा मन्त्री र प्रधानमन्त्री भएका एकजना पनि चाखो नरहन सक्छन् । राज्यका निकायहरूले संविधान, कानून र आफ्नो अख्तियारप्रति इमान्दार भएर काम गर्ने हो भने सबै जेल जान सक्छन् । राजनीतिक नेतृत्व मात्र होइन कर्मचारीहरूको ठूलो पंक्ति खासगरी सचिव र सहसचिवहरू पनि सबै जेल जान सक्छन् । तर कुरा स्पष्ट छ कि यो व्यवस्था आफैमा भ्रष्ट व्यवस्था भएको र भ्रष्टाचारीहरू जन्माउने अखडा नै भएकोले यो व्यवस्थामा ठूला र शक्तिशाली भ्रष्टाचारीहरू कोही पनि कानुनी दायरामा आउन सक्दैनन् । लोकलाजका लागि केही एकाध साना, कमजोर र निरिह व्यक्तिहरू मात्र थुनिने हुन् । अहिले सहकारी प्रकरणमा प्रहरी थुनामा रहेका रवि लामिछानेको भन्दा सयौ गुणा बढी भ्रष्टाचार र अनियमितता, जनघात र राष्ट्रघात अन्य संसदवादी पार्टीका नेताहरूले गरेका छन् । सत्ता र शक्तिको दुरूपयोग गरेर आफ्नालाई काखा र प्रतिस्पर्धीलाई पाखाको राजनीतिक प्रतिशोधात्मक मानसिकताबाट काम गर्ने गरेका छन् ।

भ्रष्टाचार यो देशको आजको सबैभन्दा ठूलो समस्या, राष्ट्रको कलंक र आम नेपाली जनताको टाउको दुखाइको विषय बनेको छ । बाँकी ७ पेजमा

## काण्ड र प्रकरणहरूको फेहरिस्त

***पञ्चायतकालका केही चर्चित काण्डहरू***

पञ्चायतकालमा नमिता-सुनीता बलात्कार र हत्या काण्ड, छिन्ताङ हत्या काण्ड, सिन्धुपाल्चोकको पिस्कर हत्याकाण्ड, २०३६ सालमा चारकोशी जंगल फडानी काण्ड, सर्पको छालाको लाईसेन्स काण्ड, सिंहदरवार आगलागी प्रकरण, गलैचा काण्ड लगायत केही चर्चित काण्डहरू घटित थिए । ती काण्डहरूमा संलग्न अपराधीहरूलाई कुनै कारबाही भएन ।

***बहुदल प्राप्ति पछिका केही चर्चित काण्डहरू***

संवैधानिक राजतन्त्र र बहुदलीय प्रजातन्त्रको कालखण्डमा पनि यस्ता काण्ड र प्रकरणहरूमा अझ बढोत्तरी हुँदै गयो । सांसदलाई फकाउन प्राडो पजेरो काण्ड, सांसलाई निर्वाचित भएपछि दिईने पेन्शन काण्ड (जुन पछि सवोच्च अदालतले रोकिदिएको थियो), सांसद खरिद विक्री काण्ड, भृकुटी कागज कारखाना, विराटनगर जुटमिल, लुम्विनी चिनी मिल, सर्लाही चिनीमिल, विरगञ्ज कृषि औजार कारखाना, गोरखकाली टायर कारखाना, वुटवल धागो उद्योग कारखाना, चोभार सिमेण्ट कारखाना, हरिशिद्धी इटा र टायल कारखाना, वाँसवारी छालाको जुत्ता कारखाना, विराट बाँकी ७ पेजमा

## बैकल्पिक के.स. शारदा शाह पार्टीबाट निस्कासित



काठमाडौं । क्रान्तिकारी कम्युनिस्ट पार्टी केन्द्रीय समितिकी बैकल्पिक सदस्य शारदा शाहलाई पार्टीबाट निस्कासित गरिएको छ ।

असार १८ गते पार्टीका कार्यबाहक महासचिव गौरवद्वारा जारी विज्ञप्तीमा आफ्नो पार्टीको स्याङ्जा जिल्ला इञ्चार्ज समेत रहेकी शारदा शाहले पार्टी विरोधी गतिविधि गरेको र सुध्रन सुझाव दिँदा पनि अवज्ञा गरेको कारण पार्टीका सम्पूर्ण जिम्मेवारीबाट हटाउँदै पार्टीबाट निस्कासन गरेको हो ।

## संयुक्त वामको अन्तरक्रियामा सीपी गजुरेलको आव्हान

# ‘अब वामहरू कांग्रेसको एजेण्डामा हिड्न छाडौं, आफ्नै एजेण्डा ‘संघीय जनगणतन्त्र’को दिशामा अगाडि बढौं !’




काठमाडौं । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका कार्यवाहक महासचिव सीपी गजुरेल गौरवले आफूहरूले इरानी जनताको न्यायपूर्ण आन्दोलनलाई समर्थन गरेको तर इरानको सरकार सही छ भनेर होइन, इरानको सार्वभौमिकतामाथि आक्रमण गरिएकोले समर्थन गरेको हो भन्नुभयो ।

“इरानमा कस्तो शासन हुनु पर्दछ भन्ने कुरा त्यहाँका जनताले टुङ्गाउने कुरा हो । तर एउटा सार्वभौम देशमाथि आक्रमण गर्नु निन्दनीय छ । आफ्नो देशको सार्वभौमिकताको रक्षाका लागि साम्राज्यवादको आक्रमण विरूद्ध प्रत्याक्रमणमा जानू पनि न्यायोचित छ ।, उहाँले भन्नुभयो, “अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प क्यानडाको जि सेभेनको बैठकबाट अमेरिका फर्किएर दुई हप्ता गृहकार्य गरेर म निष्कर्षमा पुग्छु भनेका थिए । युद्ध विराम गराउँछु भनेका थिए । तर दुई दिनमै उनले ईरानमाथि आक्रमण गरे । उनी बोलीको कुनै ठेगान नभएका बाँकी ७ पेजमा

## आलमलाई सफाइ दिएपछि पीडितहरु मिडियामा

काठमाडौं । कांग्रेस नेता अफताब आलमलाई उच्च अदालत जनकपुरको वीरगञ्ज बेञ्चले सफाइ दियो । अदालतको आदेशपछि १४ जेठ २०८२ मा उनी नख्खु कारगारबाट रिहा भए । रौतहटको इँटाभट्टामा जिउँदै मान्छे जलाएको अभियोगमा उनी जेल परेका थिए । तर, उच्च अदालतका न्यायाधीश खुसीराम थारु र अर्जुन महर्जनको इजलासले आलमलाई सफाइ दियो ।

आजभन्दा १७ वर्षअघि २७ चैत २०६४ मा आलमले उक्त घटना घटाएको आरोप थियो । भोलिपल्ट हुने संविधानसभा चुनाव प्रभावित पार्न बम बनाउने क्रममा विस्फोट भएको थियो । विस्फोटका घाइतेलाई जिउँदै इँटाभट्टामा जलाएको आरोप आलमलाई लागेको थियो । त्यो घटनाका प्रत्यक्षदर्शी थिए, गौरीशंकर राम चमार ।

उनी इँटाभट्टामा काम गर्न भारतबाट आएका थिए । चमार भारतको बिहार सीतामढीका स्थायी बासिन्दा हुन् । उनी रौतहटको राजपुर फरहदवास्थित राजा इँटा भट्टामा काम गर्न आएका थिए । तिनै गौरीशंकर अहिले काठमाडौंमा छन् । आलम छुटेको एक महिनापछि काठमाडौं आएर सार्वजनिक रूपमा घटना सुनाएका छन् ।

पुगेर गौरीशंकरले आलमले उक्त घटना कसरी घटाएका थिए भन्ने फेहरिस्त सुनाएका छन् । अदालतले आलमले उक्त घटना घटाएको पुष्टि नभएको दाबी गरेको छ । गौरीशंकर त्यस्ता पात्र हुन्, जसले साक्षीको रूपमा पनि बयान दिइसकेका थिए । बयानपछि उनले पनि आलमको पक्षबाट धम्की खेप्नुपरेको थियो । पीडितहरूले आलमलाई पुनः पक्राउ गरी आजीवन जेल सजाय दिन माग गरेका छन् ।

गौरीशंकरले उक्त घटनाबारे सुनाएको विवरणको सम्पादित अंश :

रौतहटको राजा इँटाभट्टामा काम गर्दै थिएँ । त्यतिबेला हामी तीन जना थियौं । मलाई भन्यो- भाइ यता आएर तिमी आफ्नो पैसा लिएर जाऊ । घरको ढोकाको छेउमा पुगेको मात्रै थिएँ, बम पड्कियो । आगो लागेपछि म भागेँ । घरको पछाडि पानी थियो, त्यहाँ पानी हालेँ । फेरि म भागेँ । त्यसपछि मलाई थाहा भएन कि म कहाँ हो ? मेरो आँखा खुल्दा म सीतामढीमा थिएँ । त्यतिबेला आमालाईसोधेँ-कहाँ बाँकी ७ पेजमा

## क्रान्तिकारी कम्युनिस्ट पार्टी, काठमाडौं जिल्ला समितिद्वारा तीन दिने कार्यशाला सम्पन्न




काठमाडौं । क्रान्तिकारी कम्युनिस्ट पार्टी, काठमाडौं जिल्ला समितिको आयोजनामा तीन दिने जिल्ला स्तरीय कार्यशाला कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ । कार्यशालामा काठमाडौंको जिल्लाका नगर सचिवहरू र काठमाडौ जिल्लाका ज.व.स.संयोजकहरूको सक्रिय सहभागिता रहेको थियो । कार्यक्रमको उद्घाटन सत्रका प्रमुख अतिथि स्थायी समिति सदस्य तथा स्कूल विभाग प्रमुख रामसिंह श्रीष रहेका थिए भने उद्घाटन सत्रको अध्यक्षता जिल्ला समितिका सचिव केदार खातीवडाले गर्नुभएको थियो । उद्घाटन सत्रमा अतिथिहरूले वर्ग संघर्ष, पार्टी निर्माण, र समकालीन राजनीतिक परिस्थितिमा पार्टीको भूमिका विषयमा मन्तव्य व्यक्त गरेका थिए ।

तिन दिन सम्म सञ्चालन बाँकी ७ पेजमा

## कम्युनिस्ट आन्दोलनभित्रको समस्या



● हुकुमबहादुर सिंह ●

कम्युनिस्ट पार्टी भनेको सर्वहारा वर्गको मुक्तिका लागि काम गर्ने पार्टी हो । सर्वहारा वर्ग भनेको मार्क्सको व्याख्यामा सामन्तवादी व्यवस्थाको अन्तसँगै पुँजीपति वर्गसँगै जन्मिएको अर्को तर पुजीपतिवर्गकै विरूद्ध जाइलाग्ने वर्ग हो । किनभने सामन्तवादी व्यवस्थाको अन्तपछि संसारमा कि त पुजीपतिवर्गको राज्यसत्ता हुन्छ कि त सर्वहारा वर्गको । पुजीपतिवर्ग र सर्वहारा वर्ग आआफ्नो राज्यसत्ताका निम्ति एक अर्काका विरुद्धजाइलाग्ने वर्ग हुन । संसारमा कित कि त पुजीपतिवर्गको राज्यसत्ता हुन्छ कि त सर्वहारा वर्गको राज्यसत्ता, दुवैको एउटै राज्यसत्ता भ्रम मात्रै हो ।

मार्क्सले समाज विकासको व्याख्या गर्ने क्रममा भन्नु भएको छ ‘सामन्तवादी व्यवस्थाको अन्त्यसँगै दुईवटा वर्गहरू पुँजीपति वर्ग र सर्वहारा वर्गको जन्म हुन्छ । तर, पुँजीपति वर्गसँग राज्यको शक्ति जसलाई राज्यसत्ता भनिन्छ, उत्पादनका साधन र पुँजी हुन्छ भने सर्वहारा वर्गसँग केवल श्रम मात्रै रहन्छ । यहि श्रम उसले पुँजीपति वर्गलाई बिक्री गरेर आफ्नो जीविका चलाउँछ । सर्वहारा वर्गले श्रम गरे पनि उसको आर्थिक हालत कमजोर रहने तर पुँजीपति वर्गले श्रम नगरिकन नै आर्थिक सम्पन्नताको शिखरतर्फ लम्किरहने हुन्छ । यो हुनका पछाडि पुँजीपति वर्गसँग राज्यसत्ता, उत्पादनका साधन र पुँजी हुनु हो । त्यसकारण सर्वहारा वर्गले आफ्नो वर्गको मुक्तिका लागि पुँजीपति वर्गसँग भएको राज्यसत्ता, उत्पादनका साधन र पुँजी खोसेर आफ्नो अधीनमा ल्याउनुपर्छ ।

अहिलेसम्मको विश्व कम्युनिस्ट आन्दोलनको इतिहासमा सर्वहारा वर्गले आफ्नो वर्गको मुक्तिको लागि आमश्रमजीविको हितमा सुधारवादी खालको राज्यसत्ता सञ्चालन गर्ने प्रयास गरिरहेका उदाहरणहरू बाँकी २ पेजमा

## सम्पादकीय


### भ्रष्टाचारमुक्त मुलुक बनाउन जनगणतन्त्र आवश्यक

भ्रष्टाचारको विषयमा फरक फरक धारणाहरू छन् । तर मूलतः सार्वजनिक जिम्मेवारीमा बसेका व्यक्तिहरूले आफ्नो हैसियतको दुरूपयोग गरी निजी लाभको लागि सार्वजनिक सम्पत्तिको दोहन गर्ने, पदीय आचरण पालना नगर्ने निच प्रवृत्तिलाई नै भ्रष्ट प्रवृत्ति वा भ्रष्टाचार भन्ने गरिन्छ । समयअनुसार भ्रष्टाचारको परिभाषा र त्यसलाई नियन्त्रण गर्ने उपायहरू पनि फेरिदै आएको पाइन्छ । सार्वजनिक पद धारण गर्ने व्यक्तिहरूको आचारणलाई विशेष ध्यान दिएर भ्रष्टाचारको परिभाषा गरिए पनि विस्तारै निजी क्षेत्रलाई पनि समावेश गरेको देखिन्छ । नेपालको सन्दर्भमा भ्रष्टाचारको कुरा गर्दा किरातकालीन समय, लिच्छविकालीन समय, मल्लकाल, शाहकाल, राणा शासन, २००७ सालको क्रान्तिपछि प्रजातन्त्रको पुनर्बहाली भएको समय, पञ्चायती व्यवस्था, २०४६ साल र २०६२/०६३ सालको जनआन्दोलनपछि भ्रष्टाचारसँग सम्बन्धित आचरण, व्यवहार र त्यसलाई नियन्त्रण गर्ने सन्दभर्मा चर्चा तथा पहल भएको पाइन्छ ।

पञ्चायती व्यवस्थामा पनि भ्रष्टाचारका ठूलठूला काण्डहरू भएका र त्यसमा राज्यका माथिल्लो तहमा बस्नेहरूको संलग्नता देखिन्छ । २०४६ सालको जनआन्दोलनपछि भ्रष्टाचारलाई नियन्त्रण गर्न र सुशासन कायम गर्नका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्रदेखि १ दर्जन भन्दा बढी निकायहरू सक्रिय छन् । त्यसैगरी भ्रष्टाचार नियन्त्रण र सुशासनसम्बन्धी जोडिएका ३ दर्जन भन्दा बढी नीति/नियम छन् । एकातिर भ्रष्टाचार नियन्त्रणका लागि नीति र संरचनाहरूको सङ्ख्या धेरै हुने र अर्कोतिर भ्रष्टाचारको सङ्ख्या, आकार र काण्डहरू पनि बढ्दै गएको देखिन्छ । स्थानीय तह, प्रदेश र केन्द्रसम्म भ्रष्टाचार संरचनागतरूपमा झाङ्गिँदै गएको विभिन्न अध्ययनहरूले देखाएको छ ।

भ्रष्टाचार नियन्त्रणका लागि नेपालले संयुक्त राष्ट्रसंघमा पनि प्रतिबद्धता व्यक्त गरेको छ । आवश्यक धेरै नियम कानुन पनि बनाएको छ । तर त्यसको कार्यान्वयन हुँदैन किन ? राज्य सञ्चालकहरू, कानुन निर्माताहरू, भ्रष्टाचार नियन्त्रणको जिम्मेवारी लिएर बसेका वा स्थापित निकायका प्रमुखहरू नै भ्रष्टाचारमा संलग्न भएपछि, उनीहरूको भूमिकामाथि नै सार्वजनिक रूपमा प्रश्न उठ्न थालेपछि, उनीहरूले पदीय आचरण नदेखाएपछि नेपालमा भ्रष्टाचार सर्वव्यापी बनेको छ । अहिलेको संसदीय व्यवस्थाभित्र यसलाई नियन्त्रणका लागि जतिसुकै प्रयास भएपनि ती निरर्थक, निष्प्रभावी र औचित्यहिन हुन पुग्दछन् र पुगेका छन् । तसर्थ, यो व्यवस्था नै मूलतः भ्रष्ट व्यवस्था भएकोले अब सिंगो व्यवस्थालाई आमूल रूपले परिवर्तन नगरी भ्रष्टाचारलाई निर्मूल पार्न सकिन्न । अब भ्रष्टाचारको विरोध गर्नेहरू सबै एकताबद्ध भएर यो संसदीय व्यवस्थालाई फालेर जनताको नयाँ जनवादी व्यवस्था स्थापना गर्न लागिपर्नुपर्छ । यसको अरु कुनै विकल्प छैन । क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले भनेजस्तै अब संघीय जनगणतन्त्रको स्थापनाले मात्रै नेपालमा भ्रष्टाचारमुक्त मुलुक बनाउन सक्छ ।


परिवर्तनको सम्वाहक




सत्यतथ्य निष्पक्ष खबर तथा

विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ ।

www.moolbato.com


# मार्क्सवादको विकासमा लेनिननको सैद्धान्तिक योगदानको महत्व



● लोकनारायण सुबेदी ●

बिश्वमा मार्क्सवादको बिकासमा लेनिनबाद गुणात्मक विकासको दोश्रो चरण मानिन्छ । पूँजीवादले साम्राज्यवादमा प्रवेश गर्नु, उत्पादन शक्ति, र्सवहारा आन्दोलन तथा ज्ञान विज्ञानका विविध क्षेत्रमा थप प्रगति हुँदै जानु र यस प्रकारको नयाँ परिस्थिति सिर्जना भए अनुरूप मार्क्सवादलाई नयाँ उचाँमा विकसित गर्नुपर्ने ऐतिहासिक आवश्यकताका बीचबाट लेनिनवाद जन्मिएको हो । पूँजीवादको चरम बिकासको अवस्था कसरी साम्राज्यवाद हो भन्ने व्याख्या गर्दै लेनिनले साम्राज्यवाद र सर्बहारावर्ग बीच भीषण संघर्ष हुने कुरा उल्लेख गरेका छन् । अनि लेनिनवाद भनेको साम्राज्यवाद र सर्वहारा क्रान्तिको युगको मार्क्सवाद हो भनेर स्टालिनले व्याख्या गरेका छन् । लेनिनवाद सामान्यतया सर्बहारा क्रान्तिको सिद्धान्त तथा कार्यनीति र विशेषतः सर्बहारावर्गको अधिनायकतन्त्रको सिद्धान्त र कार्यनीति हो । लेनिनले मार्क्सवादको रक्षा र विकास मात्रै होइन, सन् १९१७ अक्टुबर २५ का दिन(रूसी पत्रो अनुसार नोभेम्बर ७ का दिन) महान् रुसी अक्टुबर समाजवादी क्रान्ति आफनै नेतृत्वमा सफलताकासाथ सम्पन्न गरे ।

लेनिन विश्वर्सवहारा वर्गका महान् नेता र लेनिनवादका प्रवर्तक हुन् । सिद्धान्त र विश्व दृष्टिकोण बारे लेनिनका महत्त्वपूर्ण शिक्षा रहेका छन् । लेनिनवाद, सिद्धान्त, विश्वदृष्टिकोण र शिक्षाबारे माओले भनेका छन, "लेनिनवादको सिद्धान्तले मार्क्सवादको विकास गरेको छ । यो कुन सन्दर्भमा भएको छ भने प्रथमतः विश्वदृष्टिकोणमा, भौतिकवाद र द्वन्द्ववादमा र द्वितीयतः क्रान्तिकारी सिद्धान्त र कार्यनीतिमा विशेषतः वर्ग संघर्ष, सर्बहारा वर्गको अधिनायकत्व र सर्बहारा वर्गको राजनीतिक पार्टीका प्रश्नहरूमा र यसका साथै समाजवादी निर्माणमा लेनिनका महत्वपूर्ण र बिशेषा शिक्षाहरू रहेका छन् ।"

यहाँ लेनिनवादले मार्क्सवादको विकासमा जुन उचाइ थपेको छ, त्यस विषयबारे स्टालिन र माओका भनाइहरूले सटिक र सूत्रबद्ध रूपमा प्रकाश पारेका छन् । लेनिनले मार्क्सवादी विश्वदृष्टिकोणमा जुन नयाँ उचाई थप्नु भयो त्यो मार्क्सवादी ज्ञानभण्डारमा महत्वपूर्ण उपलब्धि हो । ती कुराहरूलाई अब संक्षोपमा हेरौ –

पहिलोः आदर्शवादी प्रकृतिक वैज्ञानिक तथा दार्शनिकहरू र संशोधनवादीहरू जसले पदार्थको लोप भयो भन्ने निष्कर्ष निकालेका थिए तिनका विरुद्ध लेनिनले विज्ञानका थप विकसित सामाग्रीका ठोस आधारमा मार्क्सको द्वन्द्वात्मक भौतिकवादी दर्शनको मौलिक प्रश्नमा नयाँ आयाम प्रदान गरे ।

दोश्रोः लेनिनले द्वन्द्ववादी पद्धतिको पनि थप व्याख्या, विश्लेषण र परिमार्जन गरेर त्यसमा अग्रिम विकास र मूर्तता प्रदान गर्नुका साथै उनले भड्डुवा विकासवादका विरुद्ध भीषण संघर्ष गरेर द्वन्द्ववादको विपरितहरूको एकता र गुणात्मक छलाङ्गको सिद्धान्तमा नयाँ आयाम थपे ।

तेश्रोः ज्ञानसिद्धान्त सम्बन्धि अर्थात् द्वन्द्वात्मक भौतिकवादको ज्ञानसिद्धान्तमा प्रतिविम्बितको सिद्धान्त ज्ञानको वक्रता तथा बहुविधताबारे लेनिनले कैयौं नयाँ कुराहरूको उजागर गरे ।

चौथोः लेनिनवादी संगठनात्मक सिद्धान्त अन्तरगत जनवादी केन्द्रीयताको सिद्धान्तलाई वैज्ञानिक किसिमले उनले बिकास गरे ।

पाँचौः ऐतिहासिक भौतिकवादको क्षेत्रमा समाज विकासका उत्प्रेरक शक्तिको अबमूल्यन गर्ने आत्मपरकतावाद, चेतनाको भूमिकालाई नकार्ने स्वस्फूर्तवाद, जनताको भूमिकालाई निषेध गर्ने अराजकतावाद, सामाजिक चिन्तन र सामाजिक सत्तालाई एउटै ठान्ने तथा उत्पादक शक्तिको सिद्धान्तको पूजा गर्ने संशोधनवादका विरुद्ध लेनिनले कडा संर्घष चलाएको थियो । साम्राज्यवादको सारतत्वलाई एकाधिकार पूँजीवादका रूपमा औल्याई सर्बहारा क्रान्तिको सिद्धान्तलाई बिकास र परिमार्जन गर्ने, साम्राज्यवादको युगमा युद्धको सैद्धान्तिकरण गर्ने काममा लेनिनको उल्लेखनीय भूमिका रहेको छ ।

छैठौंः लेनिनले मार्क्सवादी लेनिनवादी विश्वदृष्टिकोणलाई क्रान्तिको कार्यदिशासँग गाँस्ने, बर्ग दुश्मन तथा संशोधनवादका विरुद्ध वर्ग संर्घष मार्फत दुइलाइन संर्घषबाट समस्याहरूको समाधान गर्दै वैज्ञानिक समाजवादको स्थापना तथा निर्माण गर्ने काममा अद्वितीय भूमिका रहेको छ ।

बस्तवबमा महान लेनिनले मार्क्सबादलाई सही अर्थमा ब्यबहारमा प्रयोग गर्ने क्रममा जुन मार्क्सबादको उदयभन्दा पछि बिकसित भएको बिश्व स्थिति थियो त्यसलाई गहनरूपमा गहिरो अध्ययन गरेर मार्क्सबादका आधारमा सम्बोधन गर्न र समस्याको सही समाधान खोज्न मार्क्सबादमा थप आयाम थप्नु भएको यसरी प्रष्ट हुन्छ ।

## श्रीनाथ...

सम्पन्न कार्यक्रममा नेता श्यामले नेपालको कम्युनिस्ट आन्दोलनमा पुऱ्याउनु भएको योगदानको विशेष चर्चा गरियो ।

विगत ६ वर्ष अगाडि आजकै दिनमा ललितपुर हरिसिद्धि स्थित क्यान्सर अस्पतालमा फोक्सोको क्यान्सरसँग लड्दालड्दै श्रीनाथ अधिकारीको निधन भएको थियो । उहाँले अवलम्बन गर्दै आउनु भएको क्रान्तिकारी विचार र निष्ठाको राजनीति, त्याग र आदर्शलाई सबैले पछ्याउनुपर्ने कुरामा कार्यक्रममा बोल्ने सबै वक्ताहरूले जोडदिँदै श्रीनाथ अधिकारीप्रति उच्च सम्मानका साथ हार्दिक श्रद्धाञ्जली व्यक्त गरेका थिए ।

क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका ७ नम्बर क्षेत्रीय ब्युरो सचिव एवम् श्यामका जेठा छोरा नारायण अधिकारीको अध्यक्षतामा सम्पन्न उक्त स्मृति दिवस कार्यक्रममा प्रमुख अतिथि क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालका केन्द्रीय सल्लाहकार समिति सदस्य क.रामजी थापा हुनुहुन्थ्यो भने अन्य अतिथिहरूमा पार्टीका पोलिट्ब्युरो सदस्य केश बहादुर परियार, केन्द्रीय सल्लाहकार समिति सदस्य पूर्ण ढुङ्गाना, केन्द्रीय सदस्य भिम श्रीस, मिना लक्ष्मी शर्मा, दिपक गुरुङ, हुनुहुन्थ्यो ।

## अब...

व्यक्ति हुन । साम्राज्यवादले युद्धको खेती गरेको छ । साम्राज्यवाद भनेकै युद्ध हो । साम्राज्यवाद रहँदा सम्म युद्ध रहिरहन्छ । न्यायप्रेमी जनता र उत्पीडित राष्ट्रहरूले अझ लामो लडाई लडन बाँकी छ ।"

त्यस्तै उहाँले नेपाली राजनीतिमा तीनवटा राजनीतिक धार वा शक्ति रहेको चर्चा गर्नुभयो- यथास्थितिवादी राजनीतिक धार तथा शक्ति, जसले अहिलेकै लोकतान्त्रिक गणतन्त्रलाई सर्वेसर्वा ठान्ने शक्ति, दोस्रो प्रतिगामी राजावादी शक्ति र तेस्रो अग्रगामी तथा क्रान्तिकारी शक्ति । उहाँले भन्नुभयो, "१७ वर्षसम्म संघीय लोकतान्त्रिक गणतन्त्रले किन जनताको जीवनमा कुनै परिवर्तनको महसुस गराउन सकेन ? यो प्रणालीबाट त्यो सम्भव नै छैन । त्यसैले यो भन्दा अग्रगामी र वामपन्थीहरूको आफ्नै एजेण्डा भनेको संघीय जनगणतन्त्र हो, अब सबै वामहरू संघीय जनगणतन्त्रको दिशामा अगाडि बढौं । राजतन्त्रको त कल्पनै नगरौं, त्यो फर्किन अब सम्भव छैन ।"

उहाँले नेपालका वाम भनिनेहरूले कांग्रेसको एजेण्डा बोकेर हिडेको चर्चा गर्दै भन्नुभयो, "कहिलेसम्म अरुको एजेण्डा बोकेर हिड्ने नेपालमा वामहरूले, कांग्रेसको एजेण्डा किन बोकेर हिड्ने, वामहरूको आफ्नै एजेण्डा भनेको संघीय जनगणतन्त्र हो, यही एजेण्डाको दिशामा सबै बामहरू एक भएर अगाडि बढौं न ।" एजेण्डामा सहमत हुने हो भने वाम शक्तिहरूबिच कार्यगत एकता, संयुक्त मोर्चा हुँदै वृहत् कम्युनिस्ट एकता पनि सम्भव हुने पनि स्पष्ट पार्नुभयो ।

साम्राज्यवादी युद्धको विरुद्ध संयुक्त अन्तरक्रिया कार्यक्रममा रामप्रसाद पुरी-नेकपा मसाल, अग्नि सापकोटा -नेकपा माओवादी केन्द्र, सङ्गीत श्रोता -राजनीतिक सम्वाद थलानी, राजेस्वरी सुवेदी - बैज्ञानिक समाजवादी कम्युनिष्ट पार्टी नेपाल , चित्रबहादुर केसी- रास्ट्रीय जनमोर्चा , धर्मेन्द्र बास्तोला - नेकपा बहुमत, चिरन सी - नेपाल कम्युनिस्ट पार्टी , घनस्याम भुसाल - नेकपा एकीकृत समाजवादी समेतले मन्तब्य राख्नु भएको थियो ।

कार्यक्रमको अध्यक्षता लिलामणी पोखेल, संचालक बलराम बास्कोटा, स्वागत चिरञ्जीवी सी र धन्यवाद व्यक्त भैरब रेग्मीले दिनु भएको थियो । हेमराज आश्रम (रक्तिम परिवार) ले शिशिर चिर्ने बोलको गीत प्रस्तुत गर्नु भएको थियो । कार्यक्रम राष्ट्रिय नाचघरको सभाहलमा आयोजना गरिएको थियो ।

## कम्युनिस्ट...

पनि प्रसस्त छन् र यो पछिल्लो प्रयास नेपालको सन्दर्भमा कार्यान्वयन गर्न खोजिएको छ । जहाँसम्म पुँजीपति वर्गसँग सामन्तवादको अन्त्यको लागि सहकार्यको सवाल छ, सिद्धान्ततःत्यो सही छ । तर पनि सर्वहारा वर्गको वास्तविक मुक्तिका लागि पुँजीपति वर्गसँग भएको राज्यसत्ता, उत्पादनका साधन र पुजी खोसेर सर्वहारा वर्गले आफ्नो अधीनमा ल्याउनैपर्छ, त्यो बाहेक उसका लागि अर्को विकल्प छँदैछैन् । अन्य विकल्प भनेको सर्वहारा वर्गका लागि सबै भ्रम मात्रै हुन ।

मार्क्स, एङ्गेल्स, लेनिन, स्तालिन र माओले सर्वहारा वर्गको राज्यसत्ताबारे जे व्याख्या गर्नु भएको थियो र त्यस दौरानमा जेजस्ता उपलव्धिहरू उहाँहरूले प्राप्त गर्नु भएको थियो, त्यसका आधारमा सञ्चालित राज्यसत्ताको अस्तित्व वर्तमान विश्वमा छैन् । विश्वको पहिलो समाजवादी देश सोभियत संघ १९८९मा पुगेर भङ्ग भयो ? चीनले सन १९७८ मा नै राज्यको आर्थिक नियन्त्रणहरूमाथिको अधिकारलाई खुकुलो पार्दै त्याहाँ पुजीपति वर्गको राज्यसत्ता पुनर्स्थापना गरेर त्यसलाई सुदृढ गराउने काम गरिरहेको छ र अहिले त्यही अभियानमा लागेको छ । भियतनाम, कम्बोडिया, पूर्वि युरोपका देशहरूबाट समाजवादी व्यवस्था खतम हुन केही वर्ष र दसक पनि लागेन् ।

हामीले देखिरहेका छौ, सर्वहारा वर्गको राज्यसत्ताको नाममा अहिले पनि केही 'कम्युनिस्ट' नेताले आजन्म शासन गर्ने र आफ्नो शेषपछि आफ्ना सन्तानलाई उत्तराधिकारी घोषणा गर्ने गरेको पनि पाइन्छ । देशमा सर्वहारा वर्गको शासनव्यवस्था स्थापना गनका लागि वर्षौसम्म जनताको बीचमा काम गर्दा कठिन भन्दा कठिन परिस्थितिको सामना गर्न पनि पछि नपरेका कैयौ नेता तथा कार्यकर्ता विभिन्न राजनीतिक परिस्थितिले सत्तामा गए पछि आमश्रमजीवि वर्गको हितलाई नहेरी केवल आफ्नो व्यक्तिगत स्वार्थ वा पारिवारिक स्वार्थका लागि जे पनि गर्न तयार भएको हामीले देखेका, भोगेका छौ । मार्क्सले बारम्बार जोड दिएको तथ्य के हो भने सर्वहारा वर्गको पार्टीको नेतृत्व गर्ने कम्युनिस्ट पार्टीका नेता तथा कार्यकर्ताले आफ्नो मात्र भलाई नहेरेर आमश्रमजीविको हितलाई हेर्छन्, जसलाई उहाँले सर्वहारावादी विश्व दृष्टिकोण भन्नु भएको छ र सर्वहारा वर्गको मुक्तिको लागि काम गर्ने कम्युनिस्ट पाटीका नेता तथा कार्यकर्ताहरू यो सर्वहारा वर्गीय विश्व दृष्टिकोणले लैस हुनै पर्छ ।

विश्व कम्युनिस्ट आन्दोलन र नेपालकै अनुभवमा पनि कम्युनिस्ट पाटीका नेता तथा कार्यकर्ताहरूले पार्टीभन्दा आफू, आफ्नो परिवार र नातागोतालाईमाथि राखि सोंच्ने गरेको पाइएको छ । यस्तो चिन्तनको विरूद्ध सचेत गराउँदै क.माओले लिन प्याओको चरित्रको बारेमा मन्तव्य दिने क्रममा भन्नु भएको थियो 'मैले कहिले पनि कसैलाई पनि आफ्नै श्रीमतीलाई अफिसको म्यानेजर बनाउने कुराको स्वीकृति दिएको छैन् । तर लिन प्याओको श्रीमती येह चुन, जसले कार्यालय व्यवस्थापन गर्छिन् । चारजना मान्छेहरूले लिन प्याओलाई भेट्न चाहेमा उनीहरूले उनकी श्रीमतीको अनुमति लिनुपर्छ । कुनै काम गर्नु परेमा जो कोहीले पनि आफैले काम गर्नुपर्छ, आफैले कागजपत्रहरू पढनु पर्छ । कसैले पनि सेक्रेटरीमार्फत् काम गर्ने होइन् । मेरो आफ्नो सेक्रेटरीले त कागजातहरू लिने र मलाई दिने मात्रै जिम्मेवारी पाएका छन् । म आफै कागजातहरू छान्छु, आफै पढछु र केही लेख्नुपर्ने भयो भने आफै लेख्छु ताकि गल्ती हुन नपाओस ।'

क.माओको उल्लेखित भनाईको महत्व सर्वहारा वर्गीय विश्व दृष्टिकोणले लैस हुने कि परीवर्तन र क्रान्तिविरोधी दुइवटा धार दक्षिणपन्थी र वामपन्थी अराजकतावादी धारको दलदलमा नउठ्ने गरी भासिदै जाने भन्ने हो । मार्क्स, एङ्गेल्स, लेनिन, स्तालिन र माओले कम्युनिस्ट घोषणापत्र'मा लेखिएझै निजी सम्पतिको व्यवस्थाको खारेजी, आय, सम्पत्ति, उद्योग, व्यपार र व्यवसाय आदि सबै राज्यको अधीनमा ल्याउने , राजनीतिक र व्यक्तिगत अधिकारहरू सबै राज्यको अधीनस्थ राख्ने नै सर्वहारा वर्गीय सिद्धान्त हो भनेर त्यसैलाई ह्दयदेखि आत्मसात गर्दै कार्यान्वयन गर्नु भयो । यदि अहिलेका कम्युनिस्टहरूले पनि त्यसै गर्ने हो भने क.माओले भनेझै न त श्रीमती, न छोरा वा सालोलाई आफ्नो स्वकीय सचिव वा सेक्रेटरी राख्ने आवश्यकता नै पर्छ । न सत्तामा जाँदैमा अनावश्यक मोजमस्ती, सुखसयलका लागि राज्यको ढुकुटी सिध्याउने नै मन लाग्छ । न त एउटा मन्त्री पद प्राप्त गर्न त्यसका लागि ऱ्याल चुहाउन नै पर्छ ।

नेपालका कम्युनिस्ट सभासदहरूले, मन्त्रीहरूले अहिले जसरी आफ्ना छोराछोरी, वा नातेदारहरूलाई सरकारी तलबी सुविधामा नीजि सहायक वा अनेक नाम दिएर राख्ने गरिरहेका छन्, तिनका लागि मार्क्सले भनेझै आफ्नो मात्र भलाई हेरेर आमश्रमजीविको हितलाई नहेरेको नै ठहर्छ । यसले सर्वहारा वर्गीय विश्व दृष्टिकोणबाट स्खलन भएको जनाउछ । किनभने सर्वहारा वर्गीय विश्व दृष्टिकोणले त आफ्नो मात्र भलाई नहेरेर आमश्रमजीविको हितलाई हेर्ने हो । यदि आमश्रमजीविको हितलाई वा आम कार्यकर्ताको हितलाई ध्यान दिएको भए नेपाल मै पनि जनयुद्ध तथा जनआन्दोलनहरूमा सहिद भएका परिवार, वेपत्ता परिवार तथा अपाङ्गहरू तथा उनका परिवार नै मन्त्री तथा सभासदहरूको नजरमा पहिलो छनौटको तालिकामा पर्दथे । यो नभएर व्यक्तिगत स्वार्थको जब बोलबाला भएर जान्छ, अनि स्वतः यी गौण बन्न जान्छन् र गौण भएका पनि छन् ।

मानिस कम्युनिस्ट किन बन्दछ ? केहि साथी संगतिले बन्ला, केहीले किताब र पत्रपत्रिका पढेर बन्ला तर अत्यधिक चाहिँ समाजमा हुनेखाने र ठूलाठालुहरूले गरिब, निमुखा र निरीह मानिसहरूमाथि गरेको अन्याय, अत्याचार, शोषण, दमन देखेर वा भोगेर त्यसका विरूद्ध विद्रोह गरी समाजमा न्याय र समानताको व्यवस्था स्थापित गर्नुपर्दछ भन्ने उद्देश्यबाट कम्युनिस्ट बन्दछन् र बनेका छन् । समाजमा उपल्लो वर्गको सधैभरिको हालीमुहाली र निम्न वर्गको सधैभरिको अभाव, गरिबी, दुख, शोषण, दमन, अन्याय र अत्याचार हुने राजनीतिक तथा सामाजिक व्यवस्थामा आमूल परिवर्तन गरी न्याय र समानतायुक्त सामाजिक संरचना स्थापित गर्ने उद्येश्यबाट प्रेरित भएर मानिसहरू कम्युनिस्ट बनेका हुन्छन् । त्यसका अतिरिक्त कम्युनिस्टको बिश्वदृष्किोण आफ्नै हुन्छ । त्यसैगरी समाज र इतिहासलाई हेर्ने तथा त्यसलाई परिवर्तन गर्ने पनि आफ्नै वैज्ञानिक दृष्टिकोण छ । यी दृष्टिकोणहरू यस्ता छन्, जसलाई गैर कम्युनिस्टले पनि विमती जनाउन एक पटक राम्रैसँग सोंच्नु पर्दछ । त्यसैले कम्युनिस्ट बन्नु वा हुनु समाजमा गर्व गर्ने कुरा हो । कम्युनिस्टहरू मानवीय हुन्छन् किनभने समाजका कमजोर वर्गले न्याय र समानताको व्यवहार पाउनुपर्छ , उनीहरूमाथि कुनै किसिमको शोषण , दमन, अन्याय, अत्याचार हुने व्यवस्थाको अन्त्य हनु पर्दछ भन्ने कम्युनिस्टको मान्यता रहन्छ । त्यसैकारण कम्युनिस्ट अत्यन्त सभ्य र आधुनिक हुन्छन् । तर, समाजभित्र माथिल्लो वर्गका मानिसहरू पनि हुन्छन्, तिनी अत्यन्त स्वार्थी, आत्मकेन्द्रित, अमानवीय र अत्याचारी हन्छन् । त्यसैले उनीहरू असभ्य र अत्याचारि हुन्छन्, असभ्य र असामाजिक पनि हुन्छन् । यसैले समाजमा यी दुइ वर्गका बीचमा सङ्घर्ष चलिरहन्छ ।

समाजमा जबसम्म असमानता रहन्छ, शोषण दमन , अन्याय अत्याचार रहन्छ, उपल्लो वर्गको सधैभरि एकलौटी हालीमूहाली रहन्छ, तबसम्म समाजमा कम्युनिस्ट पार्टी र कम्युनिस्टहरूको आवश्यकता परिरहन्छ । औधोगिक क्रान्तिको कालमा मार्क्स र एङ्गेल्सले *बाँकी ७ पेजमा*

# Revolution and Collapse

● Ishan Maharjan ●

***Introduction:***

The following is on a topic that all Marxist works touch on and must, in some capacity, touch on. After all, that is the real ultimate aim of all communists. That is, of course, the topic of revolution. Revolution is the act by which one class seizes power from another class, or, the balance of powers between classes is qualitatively reshaped. The beginning and end of every historical epoch is marked by a revolution: the end of the present (capitalist) epoch too will be the result of revolution; the revolution which will irrevocably reshape society by doing away with class antagonism. Communist revolution! Immense theoretical and practical knowledge affirms the invincibility of communist, proletarian revolution. That the red revolutionary flag will drape the whole world is a scientific fact, as certain as "the earth revolves around the sun."

The revolutionary science of Marxism-Leninism-Maoism(MLM) has progressed immensely in achieving the goal of world revolution. The first part of this article is dedicated to synthesizing, in brief, exactly this revolutionary knowledge commonly accepted by MLMs. Chiefly, it seeks to show the real, objective, material basis that constituted the two archetypical revolutions of the previous century viz. The Bolshevik revolution and the Chinese revolution. How did the relatively scant productive forces of these nations allow for revolution when, according to Marx and Engels, the revolution is most likely to rear its head in the advanced countries? It merely summarizes, in simple language, what has already been said about this topic.

The latter section is dedicated, first, to examining other 'Marxist' theories that try to explain the collapse of both the USSR and the PRC. To explaining how and why they fall short (as all opportunist theories ultimately fall short). Lastly, to examining the collapse of these states– or rather, the collapse of socialism in these states – and elaborating exactly what the principal factor that led to the collapse of socialism was. This final point is one which can on no account be neglected; as in order to avoid the errors of the past, we must learn them and precisely how to avoid them.

Marxist orthodoxy (in other words, dogmatism) holds that revolutions occur in the most advanced capitalist countries. This being for two major reasons. First, as revolutions are the result of the contradiction between the productive forces and relations of production are most concentrated there. Second, socialist revolutions are the task of the proletarians of the world; the majority of this class is concentrated in the global north. However, the practical experience of the revolution has proved that revolutions occur in the weakest links of imperialism rather than at its core. The question then arises, how does our theoretical arsenal reckon us with such a disparity between the orthodox conception and lived experience?

It is precisely the answer to this question, which has been dealt with by many leading theorists of MLM, that is summarily touched on here. The answer to this question is examined by inspecting the conditions and revolutionary factors– objective and subjective– which preceded the Great October Socialist Revolution and more pressingly the Chinese New Democratic Revolution. The latter being especially pertinent as the pre-revolutionary conditions of Nepal and China mirror each other; it also being pertinent for the whole global south: the hotbed of revolution in the 21st century.

Our lived experience however has also proved that revolutions do not alone suffice. The real challenge is not the establishment of red power, but rather safeguarding it. The fortress of socialism surrounded by the dreary armies of capitalism must contend with the siege by foreign capitalists and the bourgeoisie within. Truly, the labors of Heracles pale in comparison to the labor of the communists asked to move the mountains! Not only must we fight to secure our island of socialism, we must fight the sea of capitalism that threatens to engulf just like a tsunami!

It is precisely the all-important question of how we can safeguard socialism from the many foes that threaten to undo our enormous progress that concerns us. It does not suffice to construct socialism if the socialism we build is built on sand! — as long as we do not scientifically examine the collapse of past socialism, the socialism we construct will be on a knife's edge. Thus, the scientific examination of revolution and its undoing, of revolution and collapse, must be the order of the day.

***The material basis of revolution:***

Revolutions are the result of the contradiction between the productive forces and relations of production. When the relations of production become fetters on the further development of the productive forces, these relations of production burst asunder in revolutionary fire. Does this mean that the dogmatists who claim that revolutions are possible in the most advanced capitalist countries only due to the immense scale and sophistication of the productive forces are correct? Not in the least! Capitalist has progressed from free-competition capitalism to monopoly-capitalism; the exploitation of man by man has become the exploitation of the imperial periphery by the imperial core. Since the transformation of capital into monopoly capital, the imperial core has turned from a center of revolutionary activity into a center of reaction! This point is further highlighted by the two major revolutions of the previous century and the material conditions thereof.

***The Peculiar conditions of Russia in 1917:***

When we speak of the present conditions of Nepal, we say that Nepal is semi-colonial, semi-feudal. Today, there is tacit agreement amongst MLMs that most semi-feudal states are also necessarily semi-colonial. In other words, that under semi-feudalism the manifestations of capital are necessarily a foreign feature: foreign imperialist monopoly finance capital. Yet, it is not necessarily so, it is only so because of modern conditions we cannot say it is necessarily so, that is metaphysical and idealist. However, for a state to be semi-feudal and not semi-colonial in the era of imperialism requires special conditions and is extremely unique.

The conditions of Russia in 1917 were unique. Russian capital was— notwithstanding the hindrances of Russian absolutism— relatively advanced and developed. Russian capital had developed into monopoly capital. Russia was imperialist and semi-feudal. How though was Russia semi-feudal? It is because though Tsar Alexander has 'freed' the serfs, their 'freedom' was purely nominal. As the serfs still has to 'repay' their former feudal lords. Thus, they were still tied to the land, tied to their lords, feudalism was not really done away with. Tsar Alexander thus 'did away' with feudalism, the same way our beloved revisionist comrades 'did away' with semi-feudalism here in Nepal; its abolition was— and in our case is— merely nominal. Those in power have, it seems, a penchant to pretend oppression has ceased to exist by simply wishing it away! Here, though, we must digress.

The more intriguing question though is how Russian capital became imperialistic; how it overcame the limitations of the semi-feudal mode of production to develop into not just capitalism but its highest stage, i.e., imperialism. There are two key factors that led to the metamorphosis of Russian national capital into imperialist finance capital. These are: Tsarist militarism and the very limitations of the semi-feudal mode of production.

Russian capital first grew and developed in the normal manner, however, it very quickly found the conditions of Tsarist feudalism to be extremely constraining. Capital has a tendency to grow and expand, for it to survive it demands — like a burdensome beast — for more; it must either expand continually or be threatened with extinction! It had either to do away with feudalism completely or find other avenues to expand. The law of motion of capital dictates that it travel in the path of least resistance. For Russian capital, it was easier to expand outside than to expand inside Russia. It was easier for the Russian capitalists – now imperialists– to find markets abroad rather than in Russia.

Tsarist feudalism had fashioned for monopoly capital the perfect weapon with which to conquer new markets: militarism! The Russian Empire was one of the great powers of Europe, it projected its might over many lands. The bourgeoisie of Russia found it easier and more beneficial to align with the interests of the old feudal powers than to oppose them. It used Russian militarism to conquer and secure new markets. Russia thus made incursions into Türkiye, Poland, The Balkans, Central Asia etc. Russian capitalism thus became imperialistic; monopoly capital was exported, and its export secured through militarism. Rather than going to war with the old feudal powers and raising arms, the bourgeoisie used the military apparatus of the Russian state to expand and grow.

The limits of this expansion however became apparent in 1905. The failure of Russian militarism to overcome the Japanese thus proved the futility of thus outward extension. Yet for capital to survive it must continually grow and expand lest it collapse under its own weight. Which is why the bourgeoisie turned their attention inward. They decided it better to capture the remaining markets within the domain of Tsarism itself. The 1905 revolution was a bourgeois revolution; the bourgeoisie and the feudal powers each fought a brave fight, though ultimately the bourgeoisie failed to conquer state power and had to be content with mere politico-economic breadcrumbs such as the so-called 'Duma.'

Both the powers of old feudalism and the bourgeoisie needed war to survive, they could not survive without further war. For the old feudal powers, they had either to cement the strength of Russian militarism or face the wrath of the rising bourgeoisie; for the bourgeoisie, they required either to continue extending outside the domain of Tsarism or prepare for the arduousness of revolution. Similar yet different dramas played out across Europe. All the imperialists required for a repartition of the world, to redivide the spoils of exploitation. Tsarism was only too keen to expand its domain and secure for itself greater spoils. Thus began the First World War.

The war was a complete disaster for the Russian Empire. Russia proved to be a clumsy giant, a complete oaf and an utter failure. The Russian military shattered like glass when confronted with the sledgehammer of the German military. Russian militarism proved once again that it could not secure for imperialism the constant expansion it demanded. At once, the dam of productive relations burst open, strained by the excessive productive forces and crises caused by the war. In 1917, first, the Russian bourgeoisie waged a struggle against the remnants of feudalism. Then, the proletariat ushered in a new dawn when red October shone and brought glorious hope to humanity. The Bolshevik revolution was both a historic necessity and a proletarian revolution, yet in the face of all this the infantilists in their armchairs sit in firm denial!

Though the revolution itself was a material, historic necessity, its success was not guaranteed. Its success was only granted due to the painstaking work undertaken by the Bolsheviks and, chiefly, Lenin. It is because of the vanguard party, strong organization, correct line and constant education and agitation that the Bolsheviks won power. This is the task that also awaits us in Nepal in our pursuit of revolution.

***The conditions of China and the imperial periphery:***

Clear understanding of the material conditions of China and the factors that enabled it is absolutely essential to us here in Nepal and many other comrades across the globe. This is since the conditions of China closely mirrored that of many imperial periphery countries today. The model shown by the Chinese revolution is one that many current revolutions — in India, The Philippines, and Türkiye — draw heavy inspiration from. This is due to the similarity of the condition of these counties to China. Our own revolutionary experience in Nepal proved the applicability of this model — more or less — to the conditions of Nepal. Therefore, the Chinese revolution is one we must study closely, and the summary overview presented here in no way suffices what ought to be a highly detailed investigation of this experience.

It is common knowledge that China was semi-feudal. Semi-colonial: could then China transition directly to socialism? Certainly not! The Chinese revolution was not foremost a socialist revolution; it was a New Democratic revolution. The proletariat, along with the peasants, petit bourgeoisie and national bourgeoisie, did away with the class enemies: the landlords and haute bourgeoisie. What though were the factors that led to this revolution; how is this applicable to the conditions of Nepal and the rest of the global south?

The irony – a dialectical irony – is that imperialism set in motion its own negation! The imperialists forced awake the sleeping giant; prior to the century of humiliation, the productive forces of China were not so advanced, nor were the Chinese bourgeoisie so powerful, that it could take on the old feudal lords. By forcing open the markets of china — flooding it with commodities and capital — it greatly increased the productive forces of China and made a confrontation with feudalism a material imperative.

It not only set in motion its own demise materially, but also gave the Chinese people the ideological sword with which it sliced imperialism to smithereens. It exported not only the objective, material factor that enabled the Chinese oppressed classes to smash their class enemies but, also, the subjective factor. Furthermore, it exported the ideology of the bourgeoisie (liberalism) and the emancipatory doctrine of the proletariat (communism): objective and subjective; material conditions and theory. The imperialists truly sold us the rope with which we hung them!

The empowered national bourgeoisie — awakened by the machinations of the haute bourgeoisie, was also armed with the doctrines of its liberation — liberalism and communism — realized its oppression by feudalism. This was represented, foremost, by Sun Yat-sen and the Kuomintang(KMT). These progressive bourgeois forces launched an assault against feudalism and nominally dislodged it in 1911. In 1911, the KMT seemingly did away with feudalism — but as Mao showed, this was not really so. The KMT, however, failed to recognize the oppressive nature of the comprador/bureaucrat bourgeoisie (as they were severely handicapped by their liberalism).

In reality, feudalism, and now, more importantly, imperialism was not truly done away with. It was in this context that the Chinese Communist Party (CCP) burst onto the scene! It is at this point that the KMT's liberalism became outdated and, ultimately, reactionary. This is around the time of the first United Front with the KMT was formed against the various warlords. However, the reactionary, fascist (as liberalism is the moderate wing of fascism) KMT betrayed and massacred many communists in 1927, which ignited the independent communist struggle.

The full scope of the Chinese revolution — though absolutely essential for every MLM to study — is far outside the scope of this article. That notwithstanding, the question arises: if the Chinese revolution was bourgeois-democratic, and not socialist, how did China become socialist?

We have seen how and why the national bourgeoisie rose up against the two parasites leeching upon them, i.e., the imperialists and feudal landlords. However, this alone would not have stamped the revolution with a proletarian character – a situation like, say, in Mali or Burkina Faso today would arise. To stamp the bourgeois-nationalist revolution with a proletarian character requires the second factor: the subjective. It is only due to the CCP and, hence, the leading role of the proletariat and the science of Marxism-Leninism, that the bourgeois-nationalist revolution grew to take on a proletarian character. Does this mean that the post-revolution transition to socialism was peaceful ? Far from it ! The Chinese experience in fact proved that 'peaceful transition' is simply the revisionist way of saying "do nothing to advance socialism."

The post-revolutionary state — controlled chiefly by the proletariat — is inherently a tool for violence. Moreover, the bourgeoisie did not peacefully surrender power. They tried every means by which to subvert the democratic dictatorship of the People's Republic. This disruption and subversion is what necessitated the anti-rightist campaign and the Great Proletarian Cultural Revolution (GPCR). The transition itself was marked by bitter class struggle; the very existence of the state — a result of the irreconcilability of class antagonisms — proved the class struggle taking place under socialism. The only way to have a 'peaceful transition' is to call the bourgeois dictatorship a 'dictatorship of the proletariat' and replace class struggle with 'peaceful ***cont.. page 5***

# संस्कृति र सांस्कृतिक रूपान्तरण

*विषय परिचय*

ल्याटिन भाषाको कल्तुरा (अगतिगचब) शब्दबाट अगतिगचभ (संस्कृति) शब्द बनेको र यसको अर्थ खेती गर्नु रहेको पाइन्छ भने यसको बनावटमा संस्कृत भाषाको 'कृ' धातुमा 'सम्' उपसर्ग र 'क्त' प्रत्यय लागेको हुन्छ। संस्कृतिलाई भौतिक र आत्मिक दुई किसिमले विश्लेषण गरिन्छ। भौतिक संस्कृतिमा श्रमका औजार उपकरणहरू, उत्पादनमूलक गतिविधि, सङ्घर्ष आदिलाई मानिन्छ भने आत्मिक संस्कृतमा मानवीय आचरण, कला, सौन्दर्य, चेतना, शिक्षा आदिलाई लिने गरिन्छ। मानव समुदायले जीवन जिउने क्रममा अवलम्बन गरेका चालचलन, रीतिरिवाज, रहनसहन आदि स्थापित हुँदै जाँदा कालान्तरमा संस्कृति बन्दछ। हरेक राष्ट्र, समुदाय र जातजातिमा आ-आफ्नै अकूलताका संस्कृतिहरू निर्माण भएका हुन्छन्। यसको निर्माणका आधारहरू अर्थ उपार्जन, चेतना र भूगोललाई मुख्य मान्न सकिन्छ। कृषि युगमा प्रकृतिपरक संस्कृति स्थापित थियो। संस्कृति शब्दको अर्थ पनि ल्याटिन भाषामा 'खेती गर्नु' भन्ने रहेकाले कृषियुगदेखि स्थापित भएका प्रचलन नै संस्कृति हो भन्न सकिन्छ। त्यतिबेला बालीनाली, पशुपंक्षी र कृषिजन्य उपकरणहरू पुज्ने र सही समयमा सही ढङ्गले उपभोग गर्ने प्रचलन रहेकाले त्यही संस्कृतिको निर्माण भयो। बिस्तारै मान्छेले अर्थ आर्जन गर्न थाल्यो, अर्थ आर्जनसँग वर्ग जन्मियो। अर्थ र वर्गको प्रभावमा कृषियुगमा स्थापित मूल्य मान्यतालाई विकृत बनाउन थालियो र संस्कृतिमाथि धन दौलत र वर्ग हावी हुन थाल्यो। त्यही हावी भएको वर्गले धर्म जन्मायो। धर्मसँगै मठ मन्दिर र प्रतिमाहरू बन्न थाले। राजा महाराजाले आफ्नै र आफ्ना प्रियजनका नामका प्रतिमा र मन्दिरहरू स्थापना गरे। पुस्तान्तर हुँदै जाँदा उनै प्रतिमाहरू, मूर्तिहरू आस्थाकासाथ पुज्न थालियो, धार्मिक स्थलका नामले परिचित हुन थाल्यो। बिस्तारै धर्मलाई माध्यम बनाएर संस्कृतिको नाममा मानव हित विपरीतका क्रियाकलापहरू हुन थाले। नरबली, दासप्रथा, सतीप्रथा आदि यसैका उदाहरणहरू हुन्।

निम्न वर्ग, समुदाय र महिलाहरू शदिऔँदेखि यिनै कुप्रथा र कुसंस्कृतिको धानमा पिसिँदै आए। उच्च भनिने वर्ग, जाति र लिङ्गद्वारा प्रताडित रहँदै आए। जब मान्छेको चेतना परिस्कृत हुन थाल्यो मान्दै आएका संस्कृति र प्रथामाथि सोच्न थाल्यो। सही या गलत छुट्याउन थाल्यो र शिक्षासँगै तर्क र सान्दर्भिकताको खोजी गर्न थाल्यो। गलत नजिरहरू विरुद्ध आवाज उठाउन र विद्रोह हुन थाल्यो। त्यही आवाज र विद्रोहको प्रतिफलमा सांस्कृतिक रूपमा स्थापित कतिपय अमानवीय कुप्रथाहरू परिमार्जित हुँदै आए भने कतिपय संस्कृति र प्रथाहरूमा नीतिगत रूपमा प्रतिबन्ध लगाउन सफल भएको इतिहास हामीले पढ्दै आएका छौँ।

देश काल परिस्थिति अनुसार संस्कृति परिमार्जित परिवर्तित र विस्थापित हुने गर्छ। वर्तमानमा प्रचलनमा रहेका सांकृतिक विषयको सान्दर्भिकता क्षीण हुँदै जाँदा भविष्यमा मूल्यहीन वा मान्यता विपरीत नहोला भन्न सकिँदैन। सञ्चार, साधन र प्रविधिले विश्वलाई साँघुरो बनाएको छ भने संस्कृतिलाई विश्वव्यापी पनि बनाएको छ। आजको विश्वमा एउटा देश, जाति र समुदायको संस्कृति तत् स्थान, जाति र समुदायमा मात्र सीमित छैन एक अर्कामा अन्तरघुलित हुँदै जाँदा मिश्रीत संस्कृतिको विकास हुँदै गएको अवस्था छ।

संस्कृति निर्माण गर्ने र प्रभावित पार्ने तत्वहरू मध्ये यहाँ तीन वटा प्रमुख तत्वलाई लिइएको छ र त्यसैमा केन्द्रित रहेर अवधारणा प्रस्तुत गरिएको छ।

*क) आर्थिक आधार र प्रभाव*

संस्कृतिको विकास र प्रभावमा अर्थको महत्त्वपूर्ण भूमिका रहन्छ। जब अर्थ व्यवस्थाको प्रचलन सुरु भयो वर्ग विभाजन, जात विभाजन र काम विभाजनको सुरुवात भयो। अर्थोपार्जनका आधारमा वर्ग छुट्टियो भने कामका आधारमा उँच नीचको संस्कृति विकास भयो। यही कुसंस्कृतिलाई उच्च भनिने जाति र समुदायद्वारा सयौँ वर्षदेखि संरक्षित गरिरहे जसका कारण छुवाछुत प्रथा लामो समयसम्म जब्बर बनेर समाजमा रह्यो। वर्तमान कानुनले छुवाछुत प्रथालाई कानुनी दायरामा ल्याए पनि अक्षरस पालना हुन नसकेको अवस्था छ। अर्थकै कारण विभाजित समाज वर्गीय छ। वर्गीय समाजमा संस्कृति र जीवनशैली पनि वर्गीय नै हुन्छ। पुँजीपतिवर्ग आफ्नो नाफाका लागि अनेक अफवाह फैलाउँदै विश्व बजार कब्जा गर्न उद्धत छ। ऊ धर्मको नाममा, संस्कृतिको नाममा र सुन्दरताको नाममा 'जसरी पनि कमाउ' नीतिलाई सबल पारिरहेछ भने उपभोक्ताहरू विनासुझबुझ उनीहरूकै लहैलहैमा कुदिरहेको देखिरहेका छौँ। जसको उदाहरण साउने फेसन, तीजे भोज, मेहन्दी, बेबी सावर, अनेक धार्मिक अनुष्ठान र गुरुमहाराजहरूद्वारा गराइने कार्यहरू पर्दछन्। यी सबै व्यापार व्यवसायसँग जोडिएका हुन्छन् र नाफा कमाउने उद्देश्यले रचना गरिएका संस्कृतिहरूमा पर्दछन्।

पुँजीवादले निम्नवर्गलाई जिउनै नसक्ने बनाउँदै लगेको छ भने जो जससँग पुँजी छ उसको हरेक क्षेत्रमा अधिपत्य छ। न्याय र समानता निम्नवर्गको पहुँचमा छैन। कम्युनिस्ट हौँ भन्नेहरूले पनि मध्यम वा उच्चवर्गकै हितमा काम गर्दा आफू सुरक्षित र समृद्ध हुने भएकाले त्यसैतर्फ लालायित छन् जसले गर्दा जनयुद्धले निर्माण गरेको वर्गसङ्घर्षको संस्कृति नाजुक बन्दै गएको अवस्था छ। विज्ञान र प्रविधिले श्रमको स्वरूप फेरिदिएको छ। स्वरूप फेरिएसँगै सङ्घर्षको स्वरूप र क्षेत्र पनि नयाँ नयाँ निर्माण र विकास गर्दै लैजानुपर्ने हुन्छ। यसरी हेर्दा पुँजीपतिवर्गसँग सङ्घर्ष गर्न 'निम्नवर्गीय सङ्गठन'को सञ्जाल आवश्यकता परेको पो हो कि? यो आजको अर्थ परिवेशले जन्माएको धारणा हो र बहस गर्न सकिने विषय पनि हो।

*ख) वैचारिक आधार र प्रभाव*

विचार यस्तो हतियार हो जसले हरेक किसिमका असर र प्रभावहरूलाई पनि प्रभावित पार्न सक्छ। समाजमा जरा गाडेर बसेका कुप्रथा, कुसंस्कृति र कुविचारहरूको जरा चुँडाउन सक्छ। साथै सही विचारको सही प्रयोगबाट समुन्नत संस्कृति र समाज निर्माण गर्न पनि सक्दछ। अशिक्षित र पुरातन समाजले निर्माण गरेका कतिपय रुढिगत संस्कृति विरुद्ध आवाज उठ्नु, वैज्ञानिक आधारहरूको खोज हुनु र कुप्रथाहरू समाजबाट उखेलिन थाल्नु चेतना अर्थात् विचारबाट प्रभावित भएर नै सम्भव भएको हो।

नेपालको इतिहासमा सामाजिक, आर्थिक, सांस्कृतिक र लैङ्गिक रूपमा रहेका विसङ्गती विरुद्ध सङ्घर्ष गर्ने पहिलो महिला योगमाया थिइन्। तत्कालीन सामान्तवादी संस्कृति र विभेदकारी मूल्य मान्यतामाथि सोभै धावा बोल्ने हिम्मत राख्ने योगमायाले जातीय उत्पीडन, बालविवाह, विधवामाथिको दुर्व्यवहार/अमानवीय क्रियाकलाप, आर्थिक शोषण आदि विषयलाई मुद्दा बनाएर सामाजिक अभियान चलाएकी थिइन् (पाण्डेय, २०७६, पृ.१०५)। राणा शासनभित्र गलत पक्ष विरुद्ध बोल्ने साहस र योजना योगमायामा पलाएको चेतना अथवा विचारबाट विकास भएको हो। यदि योगमायामा गलतलाई गलत देख्ने दृष्टिकोण र चेतना नहुँदो हो त परिवर्तनका निम्ति आवाज उठ्ने नै थिएन। राणाकालदेखि प्रजातान्त्रिककाल, पञ्चायतकाल, बहुदलकाल हुँदै लोकतान्त्रिक गणतन्त्रसम्म आइपुग्दा समय र व्यवस्थाले पटकपटक कोल्टे फेरेको छ। कोल्ट फेर्ने क्रममा जनयुद्धले निर्माण गरेको सुल्टो कोल्टे फेराइको संस्कृति पुनः उल्टोतिर फर्किन थालेको यथार्थ हाम्रो सामु छ। मार्क्सवादी विचारद्वारा स्थापित मूल्य र मान्यताप्रति स्वयम् सिर्जनकर्मी विमुख हुनु र पुरानै मूल्य मान्यताले स्थान पाउनु दुःखको विषय हो।

मार्क्सवादी पार्टीको सदस्य बन्दैमा मार्क्सवादी चेतना विकास हुने र सांस्कृतिक रूपमा क्रान्तिकारी हुने भ्रम केही मार्क्सवादीहरूले पालेको पनि पाइन्छ। उनीहरू आफ्ना श्रीमती वा छोरी/बुहारी परम्परागत संस्कारी होस् भन्ने चाहन्छन् र बाहिर महिला मुक्ति र अधिकारका विषयमा बोलिरहेका लेखिरहेका भेटिन्छन्। उनीहरू नीतिमा सकारात्मक देखिए तापनि वास्तवमा व्यवहारमा विपरीतध्रुवी बनिरहेका हुन्छन्। उनीहरूले पितृसत्तात्मक संस्कृतिको पक्षपोषण गरिरहेका हुन्छन् र खासमा यस्ता प्रवृत्ति महिला विरोधी प्रवृत्ति हो र रूपान्तरणका बाधक प्रवृत्ति हुन्। भौतिकवादी द्वन्द्ववादले संस्कृति र समाजलाई गुणात्मक उचाइमा पुऱ्याउनका लागि निरन्तर गतिशील रहन सिकाउँछ तर वर्तमानमा हामीले कस्ता संस्कृति अवलम्बन गर्दैछौँ र त्यसले हामीलाई कता लैजाँदै छ भन्नेतिर भने ध्यान दिइरहेका हुँदैनौँ। विचारमा क्रान्तिकारी पार्टी, भौतिकवादको अनुशरण गर्ने पार्टी भनेर चिनिँदै गर्दा मार्क्सवादीहरूबाट हुने गरेका कमी कमजोरीहरूमाथि समाजले निगरानी गरिरहेको हुन्छ। द्वन्द्वात्मक भौतिकवादबाट यताउता लाग्ने बित्तिकै प्रश्न उठ्छ। अहिले त प्रश्न मात्रै उठ्दैन सामाजिक सञ्जालमा सप्रमाण खुइल्याउन सुरु गरिन्छ। त्यसैले हामीले आध्यात्मिक गतिविधिमा सामेल हुनअघि आफ्नो वैचारिक धरातल बारे सोच्नु पर्ने हुन्छ। आफू भौतिवादी हो वा आध्यात्मवादी पहिला आफैँ स्पष्ट हुनु जरुरी छ। आध्यात्मिक हुन पाइन्छ तर भौतिकवादी हुँ पनि भन्ने र आध्यात्म पनि अङ्गाल्ने द्वैध चरित्रले निर्माण गर्ने जोकर संस्कृति आजको समस्या हो र सांस्कृतिक रूपान्तरणको समस्या हो। पार्टीको नीति विपरीतको जीवनशैली र व्यवहार सिङ्गो कम्युनिस्ट आन्दोलन र उद्देश्यको बाधक हो। यो जोकर संस्कृतिबाट क्रान्तिकारीहरू रूपान्तरित हुन र विचारमा स्पष्ट हुन जरुरी छ।

*ग) भौगोलिक आधार र प्रभाव*

संस्कृति निर्माण हुने आधार र प्रभावित पार्ने विषय मध्ये भूगोल पनि एक हो। हरेक क्षेत्र वा राष्ट्रको पहिचान त्यहाँको संस्कृतिले दिलाउँछ। कुन देशको वा कुन क्षेत्रको नागरिक हो भन्ने भेउ उसको भाषाशैली, भेषभूषा र जीवनशैलीबाट खुट्याउन सकिन्छ। भू-बनोट र पर्यावरण अनुसार उसको संस्कृति निर्माण भएको हुन्छ भने सीप विकास पनि सोही अनुसार भएको हुन्छ र सामाजिक यथार्थको प्रतिबिम्बन संस्कृतिमा भल्किन्छ। तर आजको विश्वलाई सञ्चार र प्रविधिले एकाकार बनाएको छ भने संस्कृतिलाई फैलाएको छ। यसले नेपालको परम्परा र संस्कृति नेपाली पुगेका मुलुकहरूमा प्रसारित भएका छन् भने विदेशी संस्कृति भित्रिएका पनि छन्।

बसोबास र जीवनशैली भूमण्डलीकृत हुँदै जाँदा भालेमाले संस्कृतिको विकास भएको छ। जसले गर्दा यो जाति वा यो समुदायको यो संस्कृति भनेर एकिन गर्न गाह्रो पर्दै गएको अवस्था छ। 'क्रिसमस ट्रि'मा बत्ती टाँगेर 'नारायण पुजा' गरिरहेका दृष्यहरू सामान्य लाग्न थालेका छन्। यो विषय भौतिकवादीहरूको चिन्ताको विषय होइन तर संस्कृति कसरी निर्माण गरिँदैछ र भूमण्डलीकृत बसोवासले संस्कृतिमा कसरी प्रभाव पारिरहेको छ भन्ने कुराको उदाहरण हो। क्रिसमस ट्रिमा बत्ती टाँगेर सत्यनारायणको पुजा गर्ने पुस्ताको अनुशरण पुजा गरेको देख्नेले गर्ने हो र उसको सन्तानले गर्ने हो। त्यसैले अबको संस्कृति निर्माणका आधार र प्रभावमा भूमण्डलीकरणको अझ वृहत् भूमिका देखिन्छ। साथसाथै संस्कृतिले पहिचानको शाख गुमाउने सम्भावना पनि बलियो बनेको देखिन्छ तर यो परिस्थितिमा मार्क्सवादी संस्कृतिको विकास गरेर विश्वव्यापी बनाउन सकिने सम्भावना पनि उत्तिकै छ। त्यसैले सच्चा कम्युनिस्टहरूद्वारा प्रगतिशील र वैज्ञानिक समाजवादी संस्कृति निर्माण हुन आवश्यक देखिन्छ।

**सांस्कृतिक रूपान्तरण**

मानवीय गतिविधिको समग्रता नै संस्कृति भएको हुँदा यसमा असल र खराव दुवै पक्ष समेटिएको हुन्छ। संस्कृतिमा रहेका गलत, अवैज्ञानिक र मानवता विरोधी गतिविधिमा सुधार ल्याउनु, त्यसलाई समयसापेक्ष बनाउँदै लैजानु वा व्यवहारत कठिनाई देखिएका गतिविधिमा परिवर्तन गर्दै लैजानु रूपान्तरण हो। संस्कृतिको जन्म सामुहिकताबाट हुने भएकाले व्यक्तिगत प्रयासबाट भन्दा सामुहिक प्रयत्नबाट रूपान्तरणमा जोड दिनुपर्ने हुन्छ अर्थात् समूहगत रूपमा गरेको रूपान्तरण दिगो र प्रभावकारी हुन्छ। यद्यपि शदिऔँदेखि प्रचलनमा रहेका गतिविधिलाई रूपान्तरण गर्न त्यति सजिलो भने छैन तर राजनीतिक उथलपुथल सँगसँगै सांस्कृतिक पक्षलाई पनि जोडेर अगाडि बढाउन सकेको खण्डमा सांस्कृतिक रूपान्तरण असम्भव विषय पनि होइन। नेपालको सन्दर्भमा राजनीतिक परिवर्तन क्रमशः हुँदै आए तापनि सांस्कृतिक परिवर्तनमा ध्यान नदिएको भने पक्कै हो। यद्यपि समय, सन्दर्भ र सोचाइमा आएको परिवर्तनले सांस्कृतिक गतिविधिमा फेरबदल भने आएका छन्।

हामीले अनुशरण गर्दै आएका सांस्कृतिक पाटाहरूमा सच्याउनुपर्ने र त्यागनुपर्ने पक्षहरू प्रसस्तै छन्। वर्षभरि मनाइने चाडपर्व र रीतिरिवाजमा मानव हित विपरीत र अग्रगमनका निम्ति बाधक पक्षहरू पहिचान गरेर रूपान्तरण गर्नु गराउनु मार्क्सवादी संस्कृति निर्माणको निम्ति पहिलो शर्त हो। यसै प्रसङ्गमा क.किरण भन्नुहुन्छ- "हामीले नयाँ जनवादी सांस्कृतिको पक्षमा सशक्त आवाज उठाउन आवश्यक छ। मार्क्सवाद-लेनिनवाद-माओवादको आलोकमा सांस्कृतिक रूपान्तरणको प्रक्रियालाई वैचारिक र भावनात्मक ढङ्गले प्रभावकारी बनाउन जरुरी छ र सांस्कृतिक रूपान्तरणका लागि प्रचारात्मक र क्रियात्मक दुवै क्षेत्रमा ध्यान दिन आवश्यक हुन्छ (वैद्य. २०६७. पृ.३५५)।" हामीले अपनाउँदै आएका हरेक संस्कृतिमा भावनात्मक सम्बन्ध स्थापित गरिएका हुन्छन्। जसलाई धर्मसँग वा पितृसँग जोडाएर अजर बनाउने चालबाजी गरिएको पाइन्छ। यो चालबाजीलाई चिर्न सक्ने सामार्थ्य द्वन्द्वात्मक भौतिकवादी विचारधाराले मात्रै राख्दछ। त्यस्तै गरेर साम्राज्यवाद र पुँजीवादले हाम्रो जस्तो विकासोन्मुख मुलुकका क्षमतावान जनशक्तिलाई आफ्नो अनुकूल उपयोग गरिरहेछ र विश्व बजारले दास बनाइरहेछ। यसका विरुद्ध लड्न सानोतिनो प्रयास र राष्ट्रिय सङ्गठनको बलले मात्र पुग्दैन। विश्वव्यापी सङ्गठन निर्माण गरेर त्यो शक्तिलाई एकाकार गर्न सकेमा वर्गसङ्घर्षको संस्कृति सम्भव छ। वर्गसङ्घर्षद्वारा पुँजीवादले सिर्जना गरेको दास-मालिकको स्वरूपबाट मुक्ति सम्भव छ र परिवर्तन सम्भव छ।

**निष्कर्ष**

संस्कृति सामाजिक चेतनाको प्रतिबिम्ब हो। कुन समाजको चेतना कस्तो थियो भनेर अध्ययन गर्नुपर्दा त्यो समाजको सांस्कृतिक पक्षको अध्ययन गरिन्छ। समाजको चेतना अनुसार संस्कृति पनि रूपान्तरण हुँदै अगाडि बढ्छ तर सबै रूपान्तरण सकारात्मक ढङ्गबाट मात्रै हुन्छ भन्ने हुँदैन। सकारात्मक रूपान्तरणले समाजलाई अझ समृद्ध बनाउँछ भने नकारात्मक रूपान्तरणले समाज, परिवार र राष्ट्रलाई समेत विखण्डनमा लैजाने खतरा हुन्छ। त्यसैले संस्कृतिले कस्तो दिशा पकड्दै छ भनेर समयमै सचेत हुन र जनवादी संस्कृतितर्फ समाजलाई हिडाउने प्रयत्न गर्नु क्रान्तिकारीहरूको दायित्त्व भएकाले संस्कृतिमा आएका केही निम्न परिवर्तनहरूलाई नकारात्मक परिवर्तनका उदाहरणका रूपमा लिन सकिन्छ।

- मान्दै आएका चाडवाड र रीतिरीवाजहरू सांस्कृतिक रूपमा रुढीग्रस्त, विभेदकारी र आर्थिक रूपमा बोभिला र भड्किला बन्दै जाँदा समाजमा धर्म परिवर्तनको लहर चलेको छ।
- संयुक्त परिवारको संस्कृतिबाट समाज एकल परिवारमा रूपान्तरित हुँदै गएको छ।
- सन्तान अशक्त अभिभावकप्रति गैरजिम्मेवार बन्दै गएका छन्।
- महिला पीडक संस्कृति बिस्तारै पुरुष पीडक बन्दै गएको अवस्था छ।
- बाह्य संस्कृतिको प्रभावले पहिचानको संस्कृति लोप हुँदै गएको छ।
- अहिले पनि व्यवहारमा पुरुष पुज्य र महिला त्याज्य मान्ने संस्कृति जीवित छ।
- श्रमसंस्कृति घट्दै गएको छ र चाकडी चाप्लुसी तथा भ्रष्टाचारको संस्कृति मौलाउँदै गएको अवस्था छ।

सकारात्मक रूपान्तरण अध्ययन गर्दा निम्न उदाहरणहरू पाइन्छन्।

- जनयुद्धको प्रभावले सामन्तवादी संस्कृति निरुत्साहित र लोकतान्त्रिक गणतन्त्रको यात्राले निम्न वर्ग, क्षेत्र र जातिमाथिको अधिकारमा केही सुधार भएको अवस्था छ।
- केही समय अघिसम्म तल्ला भनिएका वर्ग वा जातिले गर्ने कामलाई हेलाँको भावमा हेरिने पेशा व्यवसाय आज तोकिएको जातिमा मात्र सीमित छैन, जसले गर्दा हेलाँको श्रमसंस्कृति सम्मानजनक संस्कृतिमा रूपान्तरण हुँदैछ।
- महिलाका पक्षमा बनेका कानुन र शिक्षित हुन पाउने अधिकारले महिला साक्षरता र आत्मनिर्भताको ग्राफमा सुधार भएको छ।

अन्य पनि केही सुधार भएका छन् तर पर्याप्त छैनन्। त्यसैले जनवादी संस्कृति निर्माण गर्ने उद्देश्यसहित निम्नवर्गले पनि गर्वका साथ बाँच्न पाउने संस्कृति निर्माण गर्नेतिर क्रान्तिकारी तथा समाज सुधारकहरूले ध्यान दिन आवश्यक छ। राष्ट्रिय नीति र कार्यक्रमहरू बनाउन सत्तापक्षलाई दबाब दिने र हरेक क्षेत्रमा बढ्दै गएको चाकडी चाप्लुसी र भ्रष्टाचारको संस्कृतिलाई दण्डित गर्ने वातावरण निर्माण गर्न आवश्यक छ। सहयोग चन्दा या दानबाट चल्ने संस्कृतिलाई निरुत्साहित गर्न ढिला गर्नु हुन्न। जीवन बाँच्ने आधार अर्थ हो। सांस्कृतिक रूपान्तरण गर्न गराउन प्रथमतः जीवन बाँच्नु पर्दछ, बचाउनु पर्दछ त्यसैले हरेकले आफ्नै खुट्टामा उभिन सक्ने र गौरवकासाथ बाँच्न सक्ने श्रमसंस्कृति निर्माणमा लाग्न जरुरी छ।


*सन्दर्भसूचि*


पाण्डेय, ताराकान्त. (२०७६). नेपाली कवितामा गणतान्त्रिक चेतना. इच्छुक.६(६). काठमाडौँः इच्छुक सांस्कृतिक प्रतिष्ठान. पृ.९६-१३१।

वैद्य, मोहन 'किरण'.(२०६७).मार्क्सवादी दर्शन. काठमाडौंः प्रगतिशील अध्ययन केन्द्र. पृ.३५५।


*(नेपाल कम्युनिस्ट पार्टी क्रान्तिकारी नौ नम्बर ब्यूरोद्वारा २०८२ असार ६-८ मा आयोजित कार्यशालामा प्रस्तुत अवधारणा)*

# सर्वहारा विश्व दृष्टिकोण निर्माणको समस्या



● कृष्णराज पौडेल ●

कम्युनिस्ट पार्टीले आफ्नो काम कार्वाही सही प्रकारले अगाडि बढाउन पार्टीका नेता तथा कार्यकर्ताको विश्व दृष्टिकोण निर्माणको प्रश्नले अत्यन्त ठूलो महत्व राख्दछ। यो चराचर जगतलाई हेर्ने, बुझ्ने र ग्रहण गर्ने विषयमा दुईवटा परस्पर विरोधी दृष्टिकोणहरू रही आएका छन्। एउटा हो पुँजीवादी विश्व दृष्टिकोण र अर्को हो समाजवादी विश्व दृष्टिकोण।

पुँजीवादी विश्व दृष्टिकोणले समाजका हरेक मानिसहरूलाई व्यक्तिगत तथा पारिवारिक हितको निम्ति काम गर्न सिकाउँछ। पुँजीवादी व्यवस्था नाफामा टिकेको व्यवस्था हो। हरेक कामबाट नाफा कमाउनु पुँजीवादी व्यवस्थाको विशेषता नै हो। तर विकसित पुँजीवादले समाजवादको लागि आर्थिक आधार खडा गरेको हुन्छ। विकसित पुँजीवादमा सामाजिक वर्गहरू स्पष्ट रूपले दुई खेमामा विभक्त भएका हुन्छन्। एकातिर पुँजीपतिवर्ग र अर्कोतिर मजदुरवर्ग। पुँजीपतिवर्गले ठूला ठूला उद्योग, कलकारखाना खोलेर छरिएर रहेको मजदुरवर्गको श्रमशक्तिलाई एक ठाँउमा ल्याएको हुन्छ। कलकारखानामा सँगैसँगै काम गर्दै जाँदा मजदुरवर्ग सचेत र संगठित हुँदै जान्छन् र उनीहरूले आफूमाथि भएको शोषणलाई बुझ्दछन्। यसरीसचेततापूर्वक मजदुर वर्ग क्रमशः सर्वहारावर्गमा परिणत हुँदै जान्छ र पुँजीपतिवर्ग क्रमशः पुँजीपति बन्दै जान्छ। उत्पादनका साधनहरूमाथि व्यक्तिगत स्वामित्व कायम गरेर मजदुरहरू माथि शोषण गर्दै जाँदा जम्मा हुने अतिरिक्त नाफाले ठूलो पैमानाका उद्योग कलकारखाना स्थापना हुँदै जान्छन् र बजारमा अत्यधिक माल थुप्रिँदै जान्छ। अधिक उत्पादनले अधिक माल तयार गरेपछि त्यसका लागि ठूलो बजार क्षेत्र आवश्यक पर्छ र माल बेच्नका लागि अविकसित देशहरूमा आफ्नो बजार कायम गर्दै जाँदा पुँजीवाद पुँजीवादले साम्राज्यवादको रूप लिन्छ।

पुँजीवादी अर्थ व्यवस्थामा मजदुरवर्गले आफ्नो श्रमको मूल्य पाएको हुँदैन। उत्पादनका लागि भूमि, पुँजी र श्रमशक्ति गरी तीनवटा साधन आवश्यक पर्दछन्। भूमि र पुँजी पुँजीपतिवर्गको आफ्नो लगानीको र श्रमशक्ति उसले मजदुरवर्गबाट प्राप्त गर्नु पर्छ। पुँजीपति वर्गले अतिरिक्त मूल्य मजदुरवर्गको श्रमको शोषण गरेर प्राप्त गर्दछ। पुँजीपतिवर्गले उद्योगमा लगाएको भूमि र पुँजीको साथै मजदुर वर्गलाई दिइने ज्याला - श्रमको ज्याला जोडेर उत्पादित वस्तुको मूल्य निर्धारण गर्दछ। त्यो वास्तु उत्पादनमा लागेको लागत मूल्यमाथि मुनाफा जोडेर उत्पादित वस्तुको मूल्य कायम हुन्छ र पुँजीपतिसँग क्रमशः अत्यधिक नाफा जम्मा हुँदै जान्छ। यसरी प्राप्त भएको नाफालाई फेरि पुँजीमा बाँकी ८ पेजमा

# Revolution

coexistence.' Ultimately, the transition was possible because of the Communist party: without the CCP, there would be no new China.

This is what constituted the objective and subjective factors that enabled the Chinese revolution. This is how the bourgeois-democratic revolution aided in the later construction of socialism. The PRC, between 1956-1976, was undeniably socialist! The Communist Party was the walking stick which enabled the blind proletariat to seize control and to usher in socialism.

***Why 20th century socialism came undone:***

One of the greatest tragedies in history is the gradual dissolution of yesterday's socialism. By 1953 the communist specter had gained a real, tangible form in one-third of the globe. From Berlin to Pyongyang, huge swaths of the world were painted red. Then one after another, the world proletarian movement was forced into retreat; the fragile tower of cards was blown away by the hurricane of capitalist restoration. In Berlin, where the hammer-and-sickle flew mighty, it's now been replaced with the fascist-Zionist flag.

Yet such setbacks — which we are all only too painfully aware of in Nepal — do not dishearten us. We know that the proletarian movement, like the tide, ebbs and flows; yet with each fall our movement grows stronger, and one day we shall rise up like a tsunami and wash away the filth of imperialism! From every fall we learn; we learn from the setbacks of the 20th century as well.

The development of Marxism, as with all things, moves dialectically. Erroneous views and lines are overcome, and more correct, scientific ones take their place. We must not shy away from confrontation with such errors; it is only through confronting these limitations that the science of Marxism can advance.

***Other 'Marxist' theories:***

Our journey to finding the cause behind the undoing of socialism must first begin with an evaluation of the theories presented by other supposed disciples of Marx. We shall be as fair and objective in our evaluation as possible, notwithstanding the inherent bias present in such a task as this. We must start with the 'true disciples' of Marx, the 'Orthodox Marxists.' The proud Kautskyites draw from their teacher — who in the name of adhering to Marxist orthodoxy degenerate into the grossest distortions of Marxism.

The Kautskyite argument is a sort of shy liberalism; it toes the liberal line whilst not calling itself liberal. Pannekoek's criticism of Kautsky's passive radicalism should have been a criticism of Kautsky's 'nothingism'; it claims to be Marxist though it is not; in practice it is liberal, yet it purports not to be. The Kautskyite argument is two-fold: first, they argue that the Bolshevik revolution was simply not a proletarian revolution — that, materially, it would be impossible. We have seen above precisely why they are wrong. Second, they claim that there was a lack of democracy and that this therefore resulted in collapse. If by 'democracy' the Kautskyite mean a lack of parliamentarism then the USSR and PRC are guilty as charged! Yet, if the question is of Soviet democracy — proletarian democracy — they could not be farther from the truth! History proves the error of this 'argument.' Proletarian democracy was the most advanced in the world.

We have seen the 'arguments' of the dogmatic-deviationists (ah, the irony!); next, we must see the arguments of those more convicted in their dogmatism. I must say, however, that I have far more respect for this school of revisionism, than the school prior to it. I refer, of course, to the "Left"-Communists.

The infantilists have mustered whole volleys of arguments against former socialism. However, the entire litany of arguments can be boiled down into two: firstly, that the Bolshevik revolution was, in fact, a bourgeois revolution, and, secondly – though this is really a continuation of the first — that Stalin betrayed the revolution, thereafter and as every revolution thereafter reeked of 'Stalinism' these revolutions, too, were opportunist. Here, we draw the attention of the infantilists to two perplexing phenomena. First, that the USSR — which was said to be bourgeois — was expropriating the bourgeoisie! Hence, the bourgeoisie was expropriating itself; threatening to abolish itself! This also applies to the latter argument. If it is the reviled 'Stalinist' that everywhere digs the grave of the revolutionary movement, then why do they fight the bourgeoisie? Why did Stalin end the NEP and initiate collectivization, thus expropriating the bourgeoisie? The infantiles' answers always seem to pivot away from the question — denying and inventing whole theoretical frameworks to justify their denial.

No, we cannot find a true theoretical explanation with our infantile comrades. Let us, instead, look at the theory of the Trotskyists. They offer us the theory of the degenerated workers' state. The argument goes: with the victory of Stalin, the state bureaucrats came to power and lead the workers' state down a retrograde path, eventuating in its degeneration. So goes their argument, as with the infantilists, that as every revolution reeked of the hated Stalinism they were never proletarian revolutions. Either that, or these revolutions, too, created workers' states that collapsed under the weight of their own bureaucracy.

To begin, it must be said that the issue of bureaucrats is a very real threat. Something even Lenin warned about at length in The State and Revolution. Bureaucratism is an evil that exists for as long as the state exists, and is a threat for the entirety of the socialist epoch. What, then, do the Trotskyists propose? Doing away with the bureaucrats and, ergo, the state, immediately after the revolution! This is merely thinly veiled anarchism! The state cannot wither away — hence the bureaucracy cannot be abolished — until the antagonisms the state is inherently a result of are done away with: until communism. To think of doing away with bureaucrats at once is pure utopia! It is not Marxist!

What's more, they use this so-called 'theory' to slander Stalin and Mao, the defenders of socialism in the 20th century. The problem with attempting to slander Stalin and Mao with this nonsense utopian-anarchist theory is that it simply does not work. In all this rubbish about the degenerated workers' state, they fail to consider that the bourgeoisie were being expropriated and material conditions improved. Yes, these developments lead to further contradictions, down the road, but these contradictions could only exist under socialism, proving the idiocy of their theory!

Alas! Even the Trotskyists in their hundred forms have failed to give us an answer! Perhaps it is time to look at so-called 'fellow Leninists' to help us answer the all-important questions of collapse. These 'comrades' tell us that the flame of 1917 has not been fully extinguished. They tell us that the proletariat has not been forced into a global retreat; that we are still in a historic advance; that we are standing firm in the face of capitalist aggression.

Yet, to these Khrushevites and Brezhnevites, we must show another equally perplexing discovery: that the proletariat — that is said to dictate the affairs of these countries not — merely allows the bourgeoisie to exploit them, but even allows the bourgeoisie into their 'communist' parties! The proletariat is not gradually doing away with wage-labor, commodity production and other remnants of bourgeois right, but instead doubling down. "All power to the soviets" has been perverted into "All power to the revisionist party." This must either mean that the proletariat lacks class consciousness and the rigor of scientific socialism or that the proletariat has become bourgeois!

We see, therefore, that all these explanations and theories fall short. Ultimately, all distortions of Marxism fall short. They fall short because they depart the firm, material basis of Marxism and drift into idealist fancy. The moment Marxism is departed from or revised, failure is inevitable.

***The Collapse:***

The drama that preceded the degeneration and collapse of the Soviet Union and PRC is nothing short of a Greek tragedy. The hamartia of our protagonist being no less than the very thing that initially saved it. This historical tragedy is perhaps worthy of the epic cycle. Rivers of ink can be spilled to give this topic the full justice it deserves; what is engaged in here is by no means a comprehensive or even partial account of the collapse of yesterday's socialism. Once again, it is recommended that every MLM study the topic fully so that the true scale of it may be appreciated. However, that notwithstanding, the following is but a scant account of the causes that led to the collapse of yesterday's socialism.

Regarding the first cause, the degeneration of the bureaucracy, theoretically and practically, has taken hold as early as 1956, with the Khrushevite counter-revolution. Khrushchev did not — as no man really does — act at random, in complete isolation of broader trends. The Khrushevite coup was really the complete capitulation of the state bureaucrats. However, we saw an ascendant rightist tendency even under Stalin, with figures such as Beria being chief proponents of this tendency. Stalin, for all his merits, failed to recognize and suppress this very rightist tendency in time. In the face of Fascist aggression, he, on the contrary, enabled it. This was one of Stalin's greatest mistakes, and as it was never corrected, it essentially doomed Soviet socialism. Stalin could have reversed this course — he likely intended to. However, Stalin died in 1953.

It is this very rightist tendency that came to power under Khrushchev and slandered Stalin's name. In the name of 'de-Stalinization' many changes to weaken proletarian power were made; the Soviets were drained of their revolutionary vitality — they were rendered impotent. Bourgeois right was given free rein, and the capitalistic mode of production was unleashed, once more, through the agrarian reforms, Kosygin reforms and ultimately, perestroika. The bureaucrats — who became the new haute bourgeoisie — benefitted greatly from these reforms. This is why Mao was correct in his proclamation that "The USSR is today a dictatorship of the bourgeoisie(…)." He was right to castigate the renegade Brezhnev and the CPSU. The USSR actually collapsed in 1956; its insides were already hollow; it is only the shell — the facade — that shattered in 1991. Social socialism died during the 20th Party Congress of the CPSU!

That however begs the question: why did the revisionist bureaucrats not drop the facade and reveal their true intentions? Because dancing the dance of 'socialism', to the composition and choreography of capital was initially beneficial to the bureaucrats — in the same way, using the term 'socialism' is popular here in Nepal. This is due to two reasons. First, it granted a sense of legitimacy and continuity to the state. Second, in the 1950s 'socialism' was extremely popular, it is only in the subsequent decades that the revisionists dragged the name of socialism through the mud, tarnishing it and making the job of modern revolutionaries more challenging. Some, hearing this, may cry "idealism!", yet the question posed regarding the farcical political form — i.e., the facade — is necessarily 'idealist'. If, instead, the question was about the material essence of the political system, then we have already shown how it decayed into a dictatorship of the bourgeoisie. Eventually, 'socialism' became demonized in the hearts of the masses, due to the actions of the revisionists, and, thus, this political form ceased to suit the bureaucrats.

The bureaucratic revisionism also practically led to the growing impotence of the Soviets, growing corruption, etc. This accentuated the contradiction between the bureaucrats and masses. This eventually became antagonistic. This antagonism was further accentuated by foreign factors (though, this alone, was not the cause). This led to popular discontent such as strikes, riots, and protests as seen in the late 1980s. These factors were also at play in Eastern Europe.

A similar drama played out in the PRC. The bureaucrats in the CPC-right — namely, Deng Xiaoping and Liu Shaoqi — attempted, in Mao's own lifetime, to subvert socialism, constructing a bourgeois headquarters. These bourgeois headquarters were in many leading positions in the party. The bureaucracy was degenerating rapidly into Soviet-style revisionism. China was on the crossroads between socialism and capitalism. Mao, too, was aware of this precarious situation.

If Mao was aware of these dangers, why did he not act to prevent the reversal of Chinese socialism? Well, of course, he did! He enabled the GPCR; yet, Mao and the CPC-left and the red guards only diagnosed the symptoms, not the illness itself. This is the root cause of the apparent failure of the GPCR. The analytical limitation of Mao, and most Maoists, to this day, is that they attack certain bureaucrats in the party-state. The problem is not Liu Shaoqi or Deng Xiaoping — this or that bureaucrat — but the bureaucracy itself! The continued existence of the state and, therefore, that the party bureaucracy is necessary is certainly true; however, due to the transient nature of this form, this will inevitably cause certain issues to arise. The GPCR should not be seen as an attack on certain revisionists, but on revisionism itself; not on corrupted or degenerated bureaucrats, but on the bureaucracy itself. To instill the masses with revolutionary spirit; to empower them with administrative duties; and, above all, to ensure the bureaucracy remains proletarian.

It is precisely because of this error that the red guards attacked merely this or that bureaucrat, rather than the bureaucracy itself. As a result, after the death of Mao in 1976, the bureaucrats launched a vicious coup against the CPC-left and gang of four. They — like the Khrushevites in the Soviet Union — came to power and undid socialism at a far greater speed than ever. And thus, Chinese socialism collapsed.

***The Bureaucrats and the masses:***

We know that for our next exposition we will be accused of parroting Trotskyite revisionism, but we fundamentally differ from Trotsky. We are operating under a totally Maoist framework. The principal differences are three-fold: firstly, Trotsky believed the bureaucracy to be inherently malignant, whilst we challenge this perception; secondly, they use their 'theory' to attack the socialism of Mao and Stalin, we do not; lastly, they anarchistically argue for the immediate disbandment of the bureaucracy, while we do not. Science is ultimately the product of an epistemological rupture from ideology.

Theory and practice are two contradictory aspects of the same whole; two poles of the same dialectic, or, as Lenin stated, "Without revolutionary theory there can be no revolutionary movement." Theory and practice are bound in a mutually reciprocal relationship. Theory is derived from practice, and practice affirms the validity of theory. The collapse of socialism therefore, as it self-evident, is the decay of socialist organization and revision of socialist theory. Socialist organizations are crippled by revisionist theory, and theory is rendered impotent by the degeneration of organization. The collapse of both find their origins in one source: the degeneration of the bureaucracy. Note, it is not the bureaucracy itself nor the bureaucrats themselves that are the source of such opportunism, but, rather, its impotence in the face of capital.

We must understand that in the MLM conception, what is referred to as socialism is characterized by, namely, a dictatorship of the proletariat and the socialization of the means of production, by the proletarian state. Socialism does not, in one-go, negate bourgeois — i.e., exchange-value — relations. Commodity form, money form and value form are not done away with, but are instead regulated by the workers' state. The contradiction between wage-labor and capital still exists under socialism; this contradiction is not attenuated, but, rather, as capital stands on its last legs, is intensified! It is in this context we must consider the bureaucrats.

Mao said "the bourgeoisie are in the party", yet this is an abstraction. Undoubtedly, the exponents of the bourgeois line constituted 'the bourgeoisie in the party,' but economically the bourgeoisie arose out of the bureaucracy of the party-state. The key observation to make is not so much that the CCP is bourgeois, but, rather, that it became bourgeois through the apparatus of the party-state, which lorded over the now, independent national capital.

Under socialism, the bureaucracy are members of the working class — of the advanced vanguard of the proletariat. Yet, they are placed in a position where they have dominion over capital and, thus, become alienated from wage-labor. This is the material origin of revisionism: the source of the degeneration of the bureaucracy. They, like the petit bourgeoisie, are in a vacillating position between wage-labor and capital. The resolution — the ultimate resolution — to this contradiction is revolution: Cultural Revolution! Along with a litany of functions ascribed to it, the resolution of the antagonism between wage-labor and capital, under socialism, is possible only through Cultural Revolution.

The Cultural Revolution enables wage-labor to continue its prolonged struggle. The dictatorship of the proletariat is constantly subjected to an assault by capital: by the remnants of the old bourgeoisie, the foreign imperialists, and the bureaucracy. As the proletarian bureaucrats become evermore alienated from wage-labor, they grow increasingly bourgeois; they have emerge as a nouveau bourgeoisie. In order that this is avoided, the revolutionary, class-conscious proletariat must strike at the bureaucracy. It must drag the wayward bureaucracy, kicking and screaming, back into alignment with the interests of wage-labor. The Cultural Revolution — the democratization of society — enables them — empowers them — to do so.

***Conclusion:***

In summary, the following has been established and proved in this article:

Both the Chinese and Russian revolutions established socialism and were enabled to do so by their material conditions, thus disproving the orthodox dogma that revolutions can only arise in the most advanced countries.

The theories of the revisionists are nonsense and not Marxist

Socialism came done as a result of the bureaucracy. Politically, the bourgeoisie under socialism, constitutes the advocates of the bourgeois-line; economically, the bourgeoisie grows out of the very apparatus of he party-state, due to its transient nature as a state on the wane.

*ishanmaharjan0096@gmail.com*

# सिर्जना र संवादको ११औं शृंखला सम्पन्न





काठमाडौं । इच्छुक प्रतिष्ठानको आयोजनामा हुँदै आएको मासिक कार्यक्रम 'सिर्जना र संवाद'को ११औं शृङ्खला हिजो शनिबार प्रतिष्ठानकै हल घट्टेकुलोमा सम्पन्न भएको छ । कुनै पनि कृति, कविता वा समसामयिक विषयमाथि विमर्श गर्ने गरिएको यस कार्यक्रमको हिजको शृङ्खलामा विशेष गरेर कविता वाचन र गीत प्रस्तुत गरिएको थियो ।

प्रतिष्ठानकी सदस्य गौरी देवकोटाको संयोजनमा हरेक महिनाको तेस्रो शनिबार २ बजे हुँदै आएको यस कार्यक्रममा शनिबार आयोजित ११औं शृङ्खलामा २४ जना स्रष्टाद्वारा सिर्जना प्रस्तुत गरिएको थियो । सिर्जना प्रस्तुत गर्नेहरूमा प्रतिष्ठानका अध्यक्ष हिरामणि दुःखी, प्रा.डा. जगदीश चन्द्र भण्डारी, मित्रलाल पंज्ञानी, मोदनाथ मरहट्टा, छायाँदत्त न्यौपाने, बलराम तिमल्सिना, गौरी देवकोटा, अग्नि पौडेल, आस्था घिमिरे, मनु वि क थिए । यसैगरि पूण्यप्रसाद आचार्य, डा.चूडा ढकाल, राधा कार्की, अशोक सुवेदी, मदन लामा, समर्पण न्यौपाने, पुष्पा दाहाल, खगेश्वर सापकोटा, जय दाहाल, अर्जुन कुमार ओली, कविता राय 'कोहिनूर', कमला नेपाली, जानुका गौतम र भावना बरालबाट आआफ्ना गीत तथा कविता प्रस्तुत गरिएको थियो ।

वाचित कविता तथा गीतहरूमाथि सङ्क्षिप्तमा प्रा.डा.नन्दीश अधिकारीबाट समीक्षा गरिएको थियो भने प्रयेक रचनामाथिको गहन समीक्षा प्रा.डा. जगदीशचन्द्र भण्डारीबाट भएको थियो । कविताहरूमाथि समीक्षात्मक मन्तव्य राख्दै समालोचक भण्डारीले पुँजीवादले निर्माण गरेका विषाक्त रागहरूलाई सुन्दर विचार र कलाद्वारा विषरहित बनाएर पिउनयोग्य रसदार बनाउने काम कविहरूले गर्नुपर्ने धारणा व्यक्त गर्नु भयो । साथै उहाँले साम्राज्यवादी वर्चश्वले कायम गरेको प्रेमको परिभाषा र सौन्दर्यको परिभाषाको वास्तविकतालाई चिर्न सक्ने शक्ति मार्क्सवादी दृष्टिकोण सहितका कवितामा मात्रै रहेको पनि बताउनु भयो ।

संयोजक स्वयम्बाट सञ्चालित कार्यक्रममा अग्रज तथा अनुज मार्क्सवादी कवि, गायक, सङ्गीतकर्मी, समालोचकहरूको बाक्लो सहभागिता रहेको थियो । प्रतिष्ठानद्वारा आयोजत यस सिर्जना र संवाद कार्यक्रमको संयोजन प्रतिष्ठानकी कार्यसमिति सदस्य गौरी देवकोटाको संयोजकत्वमा प्राज्ञहरू डा.छायादत्त न्यौपाने 'बगर', बलराम तिमल्सिना र आस्था घिमिरेले गर्दै आउनुभएको छ । आगामी शृङ्खला साउन १७ गते तेस्रो शनिबार हुने जनाइएको छ ।

# युवा शक्ति र स्वदेशी श्रम



● मोदनाथ मरहट्टा ●

हाम्रो मुलुकभित्रको उत्पादन सम्बन्ध, श्रमको विनिमय र रोजगारीका अवसरको खोजिका कारण अहिले हाम्रो समाजमा बैदेशिक मोह यति धेरै बढेर गएको छ कि हरेक किशोर किशोरीहरू बाह्र कक्षाको परीक्षा उत्तीर्ण गरेपछि सबैको सपना बैदेशिक मुलुक हुन थालेको छ । यसको पछाडिका धेरै कारणहरू छन् । उच्च शिक्षा आर्जनको मुख्य ध्येय, प्रतिष्ठित रोजगारीको आशा र सभ्य समाजको चिन्ताले गर्दा हो । यस्तो आशाको पूर्णता स्वदेशभित्र नदेख्नु र आफ्ना छिमेकी वा आफन्तहरूको बिदेश मोहको लतमा पर्नुले यो मान्यता फष्टाउँदै गएको छ । बितेको केही दशकदेखि अध्ययन र रोजगारीका नाउँमा शहर, बजारदेखि दूर्गम गाउँसम्मका युवा युवतीहरूले देश छोडेर बिदेशी भूमिमा आफुलाई हुर्याइ रहेछन् । हरेक दिन गौचर हवाइ अड्डामा देखिने युवाहरूको लर्को र अघोषित रूपमा दक्षिणी सीमा हुँदै अबैध बाटोबाट बाहिरिने जमात हामी नेपालीको आम संस्कृति बनिसकेको छ र दिनहुँ जस्तो कफिनमा कोचिएर आएका आफन्तको शव हेर्दै आँसु झार्नुपर्ने बाध्यता पनि उत्तिकै सत्य छ । रोजगारीको सन्दर्भमा बिदेशिनेहरूले आफ्नो कमाइले घर परिवारको लालन पोसण गरेका हुन्छन्, यो राम्रो पक्ष हो तर उच्च अध्ययनको सिलसिलामा बिदेशी भूमिमा पुगेकाहरू आफ्नो करियर बनाउने निहुँमा उतै गुमनाम भएका पनि हुन्छन् । अहिले देशका अधिकाँस गाउँ शहर युवा बिहीन बन्दै गैरहेको छ भने उर्बर जमिन बाँझिएर उजाड बन्दै गएको छ । आफ्नो जन्मघरमा रहेका जेष्ठ नागरिकहरूले उमेरको उत्तरार्द्धमा आफ्ना छोराछोरीहरूबाट पाउनुपर्ने सेवा सुश्रुसाको सट्टा कालगतिले निधन भएका बाआमाको शवले छोराछोरी कुर्नुपर्ने मुलुकको यस्तो अवस्थाप्रति अहिले नै सचेत हुन सकिएन भने भोलीको अवस्था एकदम डरलाग्दो हुनसक्छ । तसर्थ हाम्रा हरेक किशोर किशोरीहरूमा राष्ट्र र राष्ट्रियताको भाव विकास गराउनु अनिवार्य भैसकेको छ ।

नेपाली शब्दकोषले राष्ट्रियता भनेको राष्ट्रप्रतिको आस्था वा राष्ट्रहितको भावना, राष्ट्रप्रेम, राष्ट्रको स्थिति वा आफ्नोपन हो भनेको छ । यसरी राष्ट्रियताभित्र राष्ट्र, जातजाती, सांस्कृतिक एकता, राष्ट्रप्रेम, राष्ट्रप्रतिको आस्था समेत पर्ने रहेछन् । हाम्रा राजनीतिक दलका हरेक नेताले राष्ट्रियताका विषयमा बेग्लाबेग्लै अर्थ लगाउने गरेको पाईन्छ । नेपालमा राष्ट्रियतालाई राजनीतिक हिसाबले मात्र हैन भौगोलिक हिसाबले पनि अर्थ लगाईने गरिन्छ । वास्तबमा यसरी अर्थ लगाएर राष्ट्रिय एकतालाई मजबूत बनाए त ठीकै हो तर राष्ट्रिय एकतामा आँच आउने किसिमबाट राष्ट्रियतालाई अर्थ्याइने गरेको पनि पाइएको छ, जसले गर्दा हाम्रो राष्ट्रियता कमजोर हुँदै गएको छ ।

हामीहरूले हाम्रो राष्ट्रियतालाई एकताको रूपमा कायम गर्न नसक्दा हामीलाई विदेशीले रङ्गीविरङ्गी देख्छन् र उनीहरूको हितका लागि हाम्रो राष्ट्रियता दुरूपयोग गर्छन् । हाम्रो राष्ट्रियता कमजोर हुँदा हाम्रा उच्च तहका नेता र नीति निर्माताहरूलाई विदेशीले प्रभावमा लिएर आफ्नो ईशारामा हाम्रो देश चलाउन सफल भएका छन् । जनता मिलेर केही परिवर्तन गरौं भने पनि विदेशीको ईशारा पर्खनुपर्ने स्थिति भएको छ । हामीले हाम्रो राष्ट्रियता सक्षम र सुदृढ बनाउन नसक्दा हाम्रा हरेक राजनीतिक परिवर्तनमा विदेशीले जस लिन सफल भएका छन् । विदेशीको कठपुतली हुन नसक्ने नेताहरू सत्ताबाट बाहिरिने वा सत्तामा ढिम्किन नपाउने अवस्थामा रहेका छन् । फेरि हाम्रा नेता पनि के कम ? सत्तामा पुग्नु अगाडि र पुगेपछिको व्यवहार नै आनको तान फरक गर्छन् जसका कारण पनि युवाहरूमा मुलुकप्रति निराशाभाव बढ्दै गएको हुन्छ ।

राष्ट्रियता भनेको एक विश्वास वा भावना हो, जसको माध्यमबाट व्यक्तिले आफ्नो राष्ट्रसँग आफूलाई गाँसेर हेर्छ, आफ्नो परिचय प्रस्तुत गर्छ र एक प्रकारको लगाव प्रकट गर्छ । राष्ट्रियता स्वभावैले आत्मिक र आन्तरिक हुन्छ । राष्ट्रवाद त्यस्तो आस्था वा प्रेमपूर्ण बन्धनको नाम हो, जस अन्तर्गत आफ्नो साझा इतिहास, परम्परा, भाषा, जातीयता र संस्कृतिका आधारमा मानिसहरू एकजुट हुन पुग्छन् । वस्तुतः राष्ट्रप्रतिको अपनत्व र प्रेमको शाब्दिक रूप नै राष्ट्रवाद हो । परस्परमा अनेकौं समानताहरू भए पनि राष्ट्रियता र देशभक्तिबीच केही भिन्नताहरू छन् । राष्ट्रियता राष्ट्रबासी बीचको कुनै कार्यक्रम वा योजनासँग गाँसिएको हुन्छ भने देशभक्ति वैयक्तिक अनुभूतिमा सीमित रहन्छ । देशभक्तिले राष्ट्रियतालाई बढाउँछ ।

हरेक बालबालिका जन्मदैमा सचेत भएर जन्मिदैनन् । उनीहरूलाई प्रशिक्षित गर्ने काम परिवार र समाजको हो । पारिवारिक वातावरण, विद्यालयीय शिक्षा र सामाजिक संस्कृतीबाट सिक्दै र प्रयोग गर्दै जाने कुरा हो, तर बालबालिकाको दिमागमै मुलुकमा केही हुँदैन भन्ने धारणाको विकास भएपछि उनीहरूमा राष्ट्रप्रतिको चेतना नै विपरीत बन्दछ । अहिले हाम्रो समाजका किशोर किशोरीले ग्रहण गरेको शिक्षा नै बिदेशी मोहको जालोमा जेलिएको छ ।

मुलुकभित्र नै स्वरोजगारको विषय भनेको जनजीविकाको सवाल हो । हाम्रो मुलुकमा जनजीविकाको लागि थुप्रै व्यवधानहरू छन् । यसका लागि आत्मनिर्भरता पहिलो शर्त हो, तर कुनै व्यक्ति वा समूह आत्मनिर्भर उत्पादनमा लाग्यो भने पनि राज्यले प्रोत्साहन गर्दै गर्दैन । स्थानीय निकायले तयार गरेको कर प्रणाली, उत्पादित वस्तुको बजारको अभाव राज्यले गरेको उपेक्षाले पनि स्वदेशमै केही गरौं भन्नेहरूमा कुण्ठा र निराशा जन्माएको छ । आफ्नो समुदायमा एकता र जोश जाँगर हुँदाहुँदै पनि बाह्य उत्पादनले बजार कब्जा गरेको टुलुटुलु हेर्न बाध्य र विवश छन् ।

मुलुक सङ्घीयतामा प्रवेश गरेपछि कतिपय स्थानीय निकायले आफ्नो भूगोलको अध्ययन गरेर कृषि, पशु र फलफूलको आधार (पकेट) क्षेत्रको घोषणा पनि गरेका छन् तर त्यस्तो उत्पादनको निम्ति राज्यले दिने अनुदानमा राजनीतिक पहुँचको चलखेल हुन्छ र वास्तविक श्रमिककहाँ पुग्नै सक्दैन ।

विकासका लागि युवा अनिवार्य आवश्यकता हो । विकासको सुचकाङ्कमा विश्वमा जति पनि विकसित देशहरू सुचित छन्, त्यहाँ युवाहरूको अग्रसरता बिना विकास असम्भव छ । विश्वमा विभिन्न राज्यक्रान्तिहरू भए । प्रायः राजनीतिक रूपमा केन्द्रित भई विकासको अग्रगामी छलाङको रूपमा त्यसले सहायता प्रदान गरेको ऐतिहासिक क्रान्तिहरूले देखाउँछ । जसमा युवाहरू प्रयोग भएका छन् । भू-राजनीतिक वितरण र त्यसमा सर्वशक्तिमान राज्यको जमिन तथा प्राकृतिक स्रोतहरूमाथिको बर्चश्वले राजनीतिक अस्थिरता निम्त्याएका प्रमाणहरू प्रशस्त देखिन्छन् । यस सन्दर्भमा जोडिएर आउने एउटा सवाल आत्मनिर्भरताको सवाल हो । आत्मनिर्भरता विकासमा रुचाइएको एउटा महत्वपूर्ण पदावली हो । विश्वव्यापी रूपमा व्यक्ति होस् या राज्य जो सर्वशक्तिमान हुने प्रयत्न गर्दछ उसलाई कुनै न कुनै रूपमा पछाडी पार्ने चलन आदिम असभ्य युगदेखि उत्तरआधुनिक अवस्था छिचोल्ने बेलासम्म चल्दै आएको छ । आफ्नो मुलुकका युवाहरूलाई निरुत्साही गर्न हाम्रो राज्य नै जिम्मेवार छ । यसकारण युवाहरू स्वदेशमा टिकिरहन सकेनन् । उनीहरूलाई भविष्य सुरक्षित र निश्चिन्त छ भन्ने बुझाउन सकिएन ।

हाम्रो मुलुकले नयाँ सम्बिधानमा समाजवाद उन्मुख अर्थतन्त्र भनेर लेखेको र लागू गरेको पनि एक दशक पूरा भैसकेको छ । यतिका वर्षसम्म आउँदा हरेक आर्थिक वर्षमा हुने वार्षिक कार्यक्रम र बजेटमा यो वर्ष यति सङ्ख्यामा निश्चित युवाहरूलाई रोजगारीको लागि यी यी परियोजना लागू गरिनेछ भनेको पाइँदैन । साथै कतिपय राष्ट्रिय गौरवका परियोजना पनि ढिलासुस्ती र आलटालले मुलुकका जनतालाई जनजीविकाको लागि विदेशिन बाध्य पारिएको छ । समाजवादको सार्थकताको सन्दर्भमा चिनियाँ क्रन्तिलाई बुझ्नुपर्ने हुन्छ । चीनमा माओले पिछडिएको अर्थतन्त्र भएको देशमा समाजवाद निर्माणको सन्दर्भमा मार्क्सवाद-लेनिनवादको खास प्रयोग गरे । उनले पिछडिएको देशमा पूँजीवादी-जनवादी क्रान्तिलाई विश्व समाजवादी क्रान्तिको अभिन्न शर्तको रूपमा स्वीकार गरे । यता हाम्रो मुलुकमा भने उचाइमा पुगेको क्रान्तिले प्रतिक्रान्ती व्यहोर्नु पर्‍यो । युवाहरू विदेशिन बाध्य पार्ने अर्को कारण वैज्ञानिक शिक्षाको खोजी हो । यसबाट प्रश्न उठ्छ, के हाम्रो शिक्षा पद्दती अवैज्ञानिक नै हो त ? यो विषय केही हदसम्म सत्य हो । शिक्षा व्यवहारिक र रोजगार मुलक हुनुपर्दछ, तर हाम्रो देशको उच्च शिक्षा युवाहरूले चाहेजस्तो बनाइएको छैन । यसको कारण पाठ्यक्रम निर्मणमा र विश्वविद्यालय सञ्चालनमा सत्ताशीनहरूको अवैज्ञानिक हस्तक्षेप हो साथै विदेशमा जस्तो पढ्दै कमाउदैको परिपाटी नमिलेर पनि युवा पलायनको संस्कृति फष्टाएको हो । र अर्को कुरा माथि भनिएजस्तै राष्ट्र, राष्ट्रियता बारे प्रशिक्षित गर्न नसकिएको पनि हो ।

किशोर किशोरीलाई राष्ट्र, राष्ट्रियता र आत्मनिर्भर बनाउने पहिलो जिम्मेवारी राज्यको हो । उनीहरूलाई विद्यालय तहमा नै देशभक्तिपूर्ण शिक्षाको खाँचो छ । खाली राष्ट्रिय फूल लालीगुराँस वा हिमाल र डाँफे सिकाएर मात्र पुग्दैन । हिमाल, पहाड र तराइका प्राकृतिक सांस्कृतिक सम्पदाहरू समान हुन् भन्ने धारणा दिइनु पर्दछ । वैज्ञानिक र व्यवहारिक शिक्षाका साथै मुलुकभित्र सुशासन, रुचि र क्षमता अनुसारको सीपमुलक शिक्षा हरेक युवाको चेतना र श्रमको कदर गर्न सके मुलुक आत्मनिर्भर र उन्नत बन्न सक्छ । तर यो बिषय यति सजिलै हल हुँदैन यसका लागि विदेशिएका युवा, कृषि क्षेत्रका मजदुरहरूको संयुक्त बलले नयाँ जनवादी क्रान्तिको चरण पूरा गरि समाजवादी युगमा प्रवेश गरेर मात्र हल हुनेछ । तसर्थ नयाँ जनवादी क्रान्तिको तयारीमा जुटौं ।

२०८२/०३/१०

❑ यो साता कविता

## तीन फरक कविता



❑ जगदीशचन्द भण्डारी

### हजुर सांसद

हजुर सांसद
निस्किहाल्नुस्
घरबाट
र कतै लुक्न जानुस्

तपाईंका सचिव
समातिए
तपाईंका पिए
र तपाईंका सुपुत्र
समातिन सक्छन्
हजुर सांसद
तपाईंका प्रधानमन्त्री
गृहमन्त्री
तपाईंकै लहरमा छन्

हजुर सांसद
अब भनिदिनुस्
यस सत्तामा
म जस्तै छन्
सबै भ्रष्ट दलाल ।

बाँकी त
जनता छन्
र तिनीहरू मात्र
जनता हुन्छन्
तिम्रो सत्ता विरूद्ध
हतियारको औंला
तिखारी रहन्छन् ।

### संसद

केही थान भेडा
जो हिजो अस्तिको
घाँस
भुसा र दानाको
स्वप्न देखिरहेछन् ।

दरबारमा पालिएका
बचेखुचेका
केही थान गधाहरू
संसदमा
दरबारी राग
कर्कश लय मार्फत्
मानिसहरूका कानमा
जबर्जस्ती पसाइ रहेछन्

समयको आगोमा
जलिसकेका
काठका ठुन्काठुन्की
बेकारमा
खरानी भइसकेपछि पनि
सास फेरिरहेछन् ।

दुनियाँको
शरीरलाई चाटेर
मस्तिष्कलाई भुटेर खाने
ओ जनावर !
तिमीहरू संसदमा
कतिवटा खुट्टामा
उभिएका छौ ?

घाँस भेडा र संसद
आपसमा
वार्तालापमा छन्
केही मूर्ख
अतीतजीवी भने
तमस्वप्नमा
उछलकुद गरिरहेछन् ।

### भेंभें !

हामीकहाँ पनि
माथिदेखि तलसम्म
तल बडादेखि केन्द्रसम्म
थरिथरिका रङ्का
भेंडाका नस्ल छन्

केही दौरासुरूवाल
लगाउँछन्
केही धोतीकुर्तामा
सजिन्छन्
केही अन्य पोसाकमा

अनौठा अनौठा
आवाजमा कराउँछन्
अमेरिकी भारतेली
यस्तै यस्तै अरू पनि

केही ठेकेदार
केही तस्कर
केही बिचौलिया
मानवीय व्यवसायमा
उन्मत्त छन् ।

समाजवाद लोकतन्त्र
राष्ट्रियता स्वाधीनता जस्ता
शब्द पनि भेंडाउँछन्
सुन्दर नस्लका भेंडाहरू ।

भेंडाहरूकै छन्
ठुला कर्पोरेटहरू
बिग हाउसहरू
सपिङ मलहरू
अस्पताल स्कुलहरू
महँगा स्वदेशी विदेशी
आबद्ध कलेजहरू

मानिस कि भेंडा
भेंडा कि जनप्रतिनिधि
विधायक कि राष्ट्रघाती
देशी कि विदेशी
व्यापारी कि नेता

गाह्रो पारेको छ
तिनका बिचको
फरक ठम्याउन
भेंडाको भेंभेंले ।

## भ्रष्टाचारका...

जनसर्वसाधारण जनता पाइला पाइलामा लुटिने र ठगिने क्रम तीव्र बनेको छ। जनता आजित बनेका छन् । आक्रोशित बनेका छन् । र, जनताले ठाउँ ठाउँमा विरोध र प्रतिरोध पनि गर्न थालेका छन् । यसै पृष्ठभूमि तथा परिस्थितिको ठोस विश्लेषण गर्दै नेपाली समाजको आमूल परिवर्तनको राजनीतिक आन्दोलन अगाडि बढाइरहेको क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले २०८२ साल असार ५ गतेदेखि देशव्यापी रूपमा भ्रष्टाचार विरोधी अभियानको उद्घाटन गरेको छ । अहिले क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपाल राज्यका तीनवटै सरकारमा रहेका भ्रष्टाचारीहरूको लगत संकलन गरिरहेको छ । भ्रष्टाचारीहरूलाई जनताको बिचमा नङ्ग्याउने र जनसहभागितासहित प्रतिरोधात्मक कारबाही गर्ने उद्घाष गरिरहेको छ । देश र जनता लुट्ने भ्रष्ट शासकहरूलाई कारबाही गर्न, उनीहरूले गरेको सारा सम्पत्ति जफल गरेर राष्ट्रियकरण गर्न राज्यका निकायहरू असफल हुन्छन् । निकम्मा र नालायक साबित हुन्छन् । भ्रष्ट शासकहरूकै लगौटीमा परिणत हुन्छन्, तब उनीहरूलाई जनउत्तरदायी, जवाफदेही र उनीहरूले गरेका अपराधको सजाय दिलाउन जनता आफै जाग्नुपर्ने, लाग्नुपर्ने र जनफैसला गर्नुपर्ने हुन्छ । अर्थात् जनताले यो भ्रष्ट व्यवस्था र भ्रष्टाचारीहरूका विरुद्ध निर्णायक विद्रोह गर्नुपर्ने हुन्छ ।

भ्रष्टाचारबारे क्रान्तिकारी कम्युनिस्ट पार्टीको धारणा

क्रान्तिकारी कम्युनिस्ट पार्टी नेपालले अभियान उद्घाटनको बेला जारी गरेको वक्तव्य वा अपिलमा भनेको छ, "हाम्रो देश भ्रष्टाचारबाट आक्रान्त भएको छ । देशमा भ्रष्टाचार नभएको र नहुने कुनै निकाय छैन । मन्त्रालय, प्रशासनिक तथा स्थानीय निकायहरू, अड्डा अदालत, प्रहरी प्रशासन, विकास निर्माणका काम जहाँ जाउँ त्यहाँ भ्रष्टाचार छ, घुसखोरी ब्याप्त छ । घुस नदिँदासम्म जनताले सामान्य एउटा सिफारिस पनि पाउँदैनन् । यसलाई नियन्त्रण गर्ने निकाय देशको सरकार हो । तर स्वयम् सरकार नै भ्रष्टाचारमा संलग्न रहँदै आएको छ । सरकारमा सामेल भएका मात्र होइन, केही अपवाद बाहेक प्रतिपक्षमा रहेका राजनीतिक पार्टीका नेताहरू समेत भ्रष्टाचारबाट मुक्त छैनन् । भुटानीकरण काण्ड, ललिता निवास काण्ड, सहकारी ठगी काण्ड, गिरीबन्धु टिस्टेट काण्ड, भिजिट भिसा काण्ड लगायत दर्जनौं काण्डहरूले यही कुराको पुष्टि गर्दछन् । यतिसम्म कि भ्रष्टाचार गर्न र त्यसबाट प्राप्त रकम बाँडफाँड गर्न सफ्टवेयर समेत विकास गरिएको कुरा चर्चामा आइरहेको छ ।"

यसका बारेमा अगाडि भनिएको छ, "यी घटनाक्रमहरूले के कुरा प्रष्ट गर्दछन् भने नेपालमा भ्रष्टाचार संस्थागत रूपबाट विकास भएको छ र त्यसको नेतृत्व सरकारले गरिरहेको छ । सरकारमा सामेल राजनीतिक पार्टी तथा प्रतिपक्षमा रहेका राजनीतिक पार्टीका नेताहरू पनि संस्थागत भ्रष्टाचारको पक्षमा रहेका हुनाले नेपालमा भ्रष्टाचारको विषय अत्यन्तै गम्भीर बन्न गएको हो । भ्रष्टाचारले गर्दा नै देशका सम्पूर्ण विकास निर्माणका कामहरू जति हुनसक्थे त्यति पनि हुन सकिरहेका छैनन् र विदेशी ऋणको भार वर्षेनी बढ्दै गएको छ । देशमा विकासको काममा गति दिनका लागि भ्रष्टाचारलाई रोक्नु पहिलो सर्त हो । तर स्वयम् सरकार, त्यसमा संलग्न पार्टी तथा हिजो सरकारमा र अहिले प्रतिपक्षमा रहेका पार्टीका नेताहरू समेत संस्थागत भ्रष्टाचारको पक्षमा भएको हुनाले आम जनता नै भ्रष्टाचारीका विरुद्ध संघर्षमा नउत्रिएसम्म देशमा भ्रष्टाचार कम हुनेवाला छैन । त्यसकारण हाम्रो पार्टीले भ्रष्टाचारका विरुद्ध अभियान सञ्चालन गर्न आवश्यक ठानेको हो । यस भ्रष्टाचार विरोधी अभियानमा सहभागी हुन र विभिन्न ढंगबाट यस अभियानलाई सहयोग गर्न हामी सम्पूर्ण जनसमुदायसँग हार्दिक अपील गर्दछौं ।"

भ्रष्टाचारमुक्त मुलुक बनाउन जनगणतन्त्र आवश्यक

यो प्रतिक्रियावादी संसदीय व्यवस्था र बुर्जुवा गणतन्त्र भनेकै भ्रष्टाचारी, घुस्याहा र शोषक वर्गको हितगर्ने व्यवस्था हो । त्यसकारण यो व्यवस्था अन्तर्गत हुने भ्रष्टाचार विरोधी आन्दोलनले भ्रष्टाचारको न्यूनीकरण गर्न त संभव छ तर निर्मूल गर्न सक्दैन । देशमा संस्थागत ढंगले फैलिँदै गएको भ्रष्टाचारलाई न्यूनीकरण गर्न र त्यसका विरुद्ध जनतालाई सुसुचित गर्न भ्रष्टाचार विरोधी अभियान संचालन गर्न आवश्यक छ । देशलाई सधैका लागि भ्रष्टाचारबाट मुक्त गर्न नेपालमा संघीय जनगणतन्त्रको खुड्किलो पार गरी वैज्ञानिक समाजवादको स्थापना गर्नु अनिवार्य छ ।

अहिले सत्तारुढ काङ्ग्रेस - एमालेहरू मुछिएका भ्रष्टाचारका काण्ड र प्रकरणहरूको फहरिस्ट निकै लामो छ । केही काण्डहरूबारे यहाँ उल्लेख गर्ने हो भने प्रमुख रूपमा चर्चामा रहेका ८७ अर्ब सहकारी काण्ड, गिरिबन्धु काण्ड, ११ रोपनी जग्गा दान काण्ड, भुटानी शरणार्थी काण्ड, ७० करोड काण्ड, ३३ किलो सुन काण्ड, ललिता निवास काण्ड, वाइडबडी काण्ड, यति ओम्नी काण्ड, अरुण थर्ड काण्ड, पानी ट्यांकी काण्ड, भ्युटावर काण्ड, सांसद अपहरण काण्ड, महाकाली सन्धि, टेरामक्स काण्ड, बाँसबारी काण्ड, टीकापुर जग्गा काण्ड, बालमन्दिर जग्गा काण्ड, नेपाल स्काउट जग्गा काण्ड, एनसीएल काण्ड, जिएमआर काण्ड, बुढिगण्डकी काण्ड लगायत सयौं काण्डहरू रहेका छन् । राजतन्त्र, राणा र पञ्चायतकालीन काण्डहरू खोतल्ने हो भने अझ लामो फहरिस्त हुन सक्छ ।

२०४६ सालपछि हालसम्म करिब २८ पटक प्रधानमन्त्री, हजार भन्दा बढी संख्यामा मन्त्रीहरू, सांसदहरू, चौथो कार्यकालका राष्ट्रपति पनि नेपाली जनताले देख्न पाए । दुईवटा स्थानीय सरकार र २ वटा प्रदेश सरकारको गतिविधि र तीनका काम कारबाहीले तिनले आफ्नो औचित्य साबित गर्न सकिरहेका छैनन् । तसर्थ, जनताले खोजेको वा चाहेको वास्तविक व्यवस्था भनेको जनगणतन्त्र नै हो । संघीय जनगणतन्त्रले मात्रै नेपाललाई भ्रष्टाचारमुक्त मुलुक, सम्मुन्नत, आत्मनिर्भर र स्वाधीन मुलुक बनाउन सक्छ ।

## काण्ड...

छाला कारखाना कौडीको मूल्यमा बिक्री, ट्रलिवस, रोपवे वन्द, आसेपासेलाई राष्ट्रिय ढिकुटी मनपरिढंगले आर्थिक सहायता वितरण र औषधी उपचारको नाममा नेताहरूलाई करडौ रकम वितरण काण्ड, सुडान घोटाला २८ करोड ४० लाख काण्ड, चेज एयर, लाउडा काण्ड, मदन भण्डारीको रहस्यमय हत्या काण्ड, राजा वीरेन्द्रको वंश विनास भएको दरवार हत्याकाण्ड, टनकपुर र महाकाली सन्धि काण्ड, पूर्व प्रधानमन्त्री, प्रधान न्यायधीश, सभामुख, राष्ट्रिय सभाका अध्यक्षलाई आदिलाई आजीवन गाडी, ईन्धन, घरभाडा, सचिवालय खर्च दिने काण्डहरू यस अवधिका काण्ड र प्रकरणहरू हुन् । यी काण्ड र प्रकरणमा संलग्नहरू कानुनी कठघरामा उभिनु परेन । राज्यको सम्पत्तिमा ब्रम्हलुट मच्चाउने गिरोहको सम्पत्ति न त छानबिन भयो, जफत गरेर राष्ट्रियकरण गर्ने त कुरै भएन ।

***संघीय गणतान्त्रिक शासन व्यवस्था पछिका केही चर्चित काण्डहरू***

अर्बौ हिनामिना सम्बन्धी जनमुक्ति सेना काण्ड, १३ लाख नौ हजार घनफिट काठ गायव हुँदा ७ अर्ब १९ करोड ९५ लाख घोटाला काण्ड, अर्बौंको सिक्टा सिचाई काण्ड, मेलेम्ची खानेपानी प्रकरण, नेपाल पर्यटन वोर्डका प्रमुख कार्यकारी निर्देशक चर्चित सुवास निरौलाको घोटाला काण्ड, चुडामणी शर्मा भ्रष्टाचार काण्ड, नेपालवायुसेवा निगम सुगतरत्न कंसाकारको १० अर्बको काण्ड, वाइडवडी विमान खरिदमा ४ अर्ब भ्रष्टाचार भएको भनी संसदको लेखा समितिले तोकेर कारवाहीको माग गरको वाइडवडी काण्ड, कोरोनाकालमा चीनले अनुदान दिएको ३० अजार किट प्रयोग गर्न नमिलेर गोदाममा त्यत्तिकै थन्काएको, पछि सेनाले ६ करोड खर्चेर त्यही कम्पनीको २८ हजार किट ल्याएको काण्ड, नेपालको प्रयोगशालामा कुन किट प्रयोग हुन्छ भन्ने समेत अध्ययन नगरी ढिकुटीको ६ करोड अपव्यय काण्ड, ओम्नीले २१ हजार डलरको दरले पाँच पोर्टेवल मेशीन ल्याएको थियो, जसमा कूल १ लाख ५ हजार डलर अर्थात १ करोड २५ लाख ९४ हजार खर्च भएको थियो । त्यति ठूलो धनराशी खर्च भएको मेसिन त्यत्तिकै विग्रिएको काण्ड, सेक्युरिटी प्रिन्टिङका आवश्यक सामान खरिद र पूर्वाधार निर्माण गर्दा ६९ करोड घोटाला काण्ड, विदेशिने कामदारको कोष-सेमिनारमा ३ करोड, उद्दारमा ४० लाख प्रकरण, मधेश प्रदेशमा वेटी वचाउ वेटी पढाउको नाममा साइकिल खरिद गर्दा भएको १० करोड ३३ लाख अनियमितता काण्ड, अर्बौंको भ्याट छली काण्ड, बजेट बनाउने क्रममा अनधिकृत व्यक्तिलाई मध्यराती अर्थ मन्त्रालयमा बोलाई करको दायरा घटवढ गराउने विषयमा सिसिटिभी फुटेज काण्ड, यती, ओम्नी, वतास काण्ड, सत्तरी करोड टेप काण्ड भनेर चिनिने सेक्युरिटी प्रेस काण्ड, ललिता निवास जग्गा घोटाला काण्ड, झापाको सैयौ विगाहामा रहेको गिरीवन्धु टि स्टेट काण्ड, पासपोर्ट काण्ड, घिजिट भिसा काण्ड, संवैधानिक निकायमा नियुक्ति दिन रातारात अध्यादेश ल्याएर संवैधानिक परिषदका सदस्य सभामुख र प्रमुख विपक्षी दलका नेता समेतको अनुपस्थितिमा अपारदर्शी ढंगवाट ५२ भाइको नियुक्ति प्रकरण काण्ड, नक्कली भुटानी शरणार्थी काण्ड, पशुपतिको जलहरी सुन काण्ड, ७२ करोड सर्प पालन केन्द्रलाई छुट्टयाएको प्रकरण, सांसदहरूलाई विवादस्पद निर्वाचन क्षेत्र विकाष कोषमा छुट्टयाएको अर्बौंको बजेट विगतमा खासै सदुपयोग नभएकाले यस्तो वजेट छुट्टयाउन नहुने कुरामा आम सर्वसाधरण समेतको मतलाई लत्याएर सरकारले सांसदलाई नीति निर्माताको रूपमा होइन अघोषित ठेकेदार बनाएको प्रकरण, ५६अर्बको करछली एनसेल घोटाला काण्ड, यातायात सिण्डिकेट नहटाउनका लागि मोलतोल ५ अर्बको चलखेल, चमेलिया जलविद्युत, वुढी गण्डकी र माथिल्लो तामाकोशीमा अबौको चलखेल, भृकुटीमण्डपभित्र रहेको सैयौ रोपनी जग्गाको लिज प्रकरणमा ५ अर्ब घोटाला काण्ड, रेडक्रस जमिन र भवनमा ३ अर्ब घोटाला काण्ड, व्यापारी विनोद चोधरीलाई ७ अर्बको कर छुट काण्ड, म्यान पावर कम्पनीवाट वार्षिक ४ अर्ब कमिशनको चलखेल, भगवति लेमिनेट्स प्रा.लि. लाई छानवीन नटुङ्ग्याई २५ करोड भन्दा वढि राजस्व छलीमा ३२ लाख मात्र तिराएर छाडिएको काण्ड, पूर्व सांसद ईच्छाराज तामाङको सिभिल सहकारी लगायत अहिले देशभरीमा २ दर्जन भन्दा वढि वचत तथा श्रृण सहकारीहरूले सर्वसाधारण जनताको अर्बौ वचत फिर्ता नदिई कतिपय संचालकहरू फरार भएको काण्ड, चन्द्रागिरी केवलकारमा सम्झौतामा २.८ अर्ब कमिशन/चलखेल प्रकरण, फ्रि भिसा फ्रि टिकट भने पनि त्यसको लागु गर्न नसक्नु र वाहिर मान्छे पठाउने नाममा अनेकौ ठगी काण्ड, लाइसेन्स छपाई कमिशन, ३८ किलो सुन काण्ड, पप्पु कन्ट्रक्सन, हुलाकी राजमार्गमा अर्बौ चलखेल, विभिन्न सरकारी अस्पतालमा करडौको उपकरण खरिद र मर्मत काण्डहरू,सरकारी निकायमा कमिशनका लागि मनलाग्दो महंगो सामानहरू खरिद प्रकरण, कित्ताकाटमा चलखेल, गरिवी निवारण कोषको ३१ अर्वको अभिलेख नष्ट काण्ड, चुनावको वेलामा निर्वाचन आयोगमा भ्रष्टाचार प्रकरण,नीतिगत भ्रष्टाचारमा मन्त्री देखि सांसदसम्म जिम्मेवार, वीर अस्पतालमा भएको सिटी स्कयान मिसिन खरिदमा ३० करोड र विभिन्न मितिमा उपकरण खरिद लगायतका कार्यहरूमा १ अर्ब जति अनियमितता प्रकरण, होटल ह्याताको शेयर गडवडी काण्ड, कमिशनको लोभमा विभिन्न जिल्लामा डाँडाकाडामा अनावश्यक भ्यु टावर निर्माण गर्ने नाममा अर्बौ खर्च ,वीर अस्पताल सिभिल, ट्रमा सेण्टर र टेकु अस्पतालमा एकैपटक विगारियो सिटीस्क्यानर अक्सिजन प्लाण्ट वन्द गरेर करडोको चलखेल,दाङमा डेढ करोड खर्च गरेर वनाईएको अक्सिजन प्लाण्ट संचालनमा नआउदै वन्द, सांसदहरू बैठकमा नबसी हाजिर गरेर टाप कस्ने र हाजिर मात्र जनाएर भत्ता खाने प्रवृत्ति, सरकारी साधन स्रोतको साधनको अत्यधिक दोहन, गौरमा जिउँदै मान्छे भट्टीमा पोलेको हत्या काण्ड, आयल निगममा नियुक्ति पाएका गोपाल खड्काले गरेका जग्गा खरिदमा भएको करडौ अनियमित काण्ड, रासायनिक मल खरिदको बारे सधै हुने अनिमितता र ढिलासुस्ती काण्ड, कृषकहरूले उत्पादन गरेको धानको समयमा समर्थन मूल्य नतोक्ने अनि तोकेपछि पनि समयमा खरिद नगर्ने कारण व्यापारी पोस्न काण्डे, प्रदेश तथा स्थानीय तहमा बजेट वितरणमा कमिशन र विभिन्न खाले भ्रष्टाचार काण्डहरू, तराईमा कृषकहरूले उत्पादन गरेको उखु निजी मिलहरूले उधारोमा खरिद गर्ने र वर्षौसम्म भुक्तानी नदिएर काठमाडौं आई संघर्ष गर्नुपर्ने नियति, अख्तियारमा लोकमान र दिप वस्न्यात जस्ता वद्नाम व्यक्तिहरूको नियुक्ति प्रकरण, राष्ट्रपति लगायत भि.आईपीहरूलाई पदबाट वहिर्गमन भएपछि पनि आजीवन सुविधा दिने प्रकरण आदि काण्ड र प्रकरणहरूले यो व्यवस्था चरम बद्नाम हुन पुगेको छ ।

तीनवटै तहका सरकार, सरकार मातहतका निकायहरू, राजनीतिक पार्टीका नेता कार्यकर्ताहरू, कर्मचारी प्रशासन, सेना, पुलिस, अदालत सबै भ्रष्टाचारको दलदलमा फसेका छन् । भ्रष्टाचार सरकारी कामकाजमा संस्कृतिको रूप लिइसकेको छ । प्रधानमन्त्री देखि महत्वपूर्ण पदमा रहनेहरूले नियुक्तिहरूमा नातावाद, कृपावाद, फरियावाद, कमिशन, नजराना, चन्दा अनेक नाममा पैसा उठाउने, आर्थिक संकलन गर्ने कार्यले संस्थागत रूप लिएको छ ।

पछिल्लो घटनाक्रममा नै चाहे सुन काण्डमा होस् या नक्कली भुटानी शरणार्थी प्रकरणमा होस्, ठेक्कापट्टादेखि महत्वपूर्ण नियुक्ति, सरुवा वढुवामा समेत नेता,नेताका छोरा, छोरी, श्रीमती, आफन्तहरूको करडौ करडौ रकममा उनीहरूको नाम मुछिएको प्रकरण, केही समय अघि अख्तियारका आयुक्त नै घुस पकाण्डमा मुछिएपछि राजिनामा दिएको प्रकरण, निर्मला पन्तको वलात्कारपछि हत्या काण्ड, दैनिक जसो हुने बलात्कार, छुवाछुत, महिला हिंसा शोषणका घटनाहरू, कृषकहरूले उत्पादन गरेको तरकारी, फलफूलहरूको उचित मूल्य नपाउने र विचौलियाले कैयौ गुणा कमाउने यस्तो सवालमा सरकारको रहस्यमय उदासिनता, मिलेमतोमा पहिल्यै ठेकेदार छानेर औपचारिक प्रक्रिया पुरा गर्न मात्रै ठेक्का लगाउने प्रचलन "नियोजित ठेक्का"ले राज्यको स्रोत-साधनमा सीमित व्यवसायी र सरकारी अधिकारीको मनपरीले जोगिनसक्ने राज्यको स्रोत पनि दुरूपयोग भएका असंख्य घटनाहरू, सम्पत्ती विवरण सरकारमा वस्ने मन्त्री,जनप्रतिनिधि,कर्मचारी,शिक्षकहरूले समयमा नबुझाउँदा पनि सबै चुपचाप बस्ने, प्रधानन्यायधशि गोपाल पराजुलीको नागरिक्ता काण्ड, गोठाटारमा हराएको पशुपतिको ३१ रोपनी जग्गा काण्ड, प्रधानमन्त्री निवासमा दलका बैठकदेखि कतिपय निजी काममा हुने सरकारी ढिकुटी दुरूपयोग प्रकरण, आ.व.को अन्त्यतिर बजेट विचौलिया मार्फत वितरण गर्ने र मोटो कमिशन खाने प्रकरण आदि काण्ड र प्रकरणहरूले संसदीय व्यवस्था चरम भ्रष्ट व्यवस्था हो भन्ने कुरा पटक पटक पुष्टि भइसकेको छ । यस्ता काण्ड र प्रकरणका विरुद्ध जनता नजागेसम्म केही हुन्न । यस्ता काण्ड र प्रकरणहरू दिन दो गुणा, रात चौगुणाका दरले बढोत्तरी हुँदै गएका छन् । तसर्थ, यस्था देशलाई हरिकंगाल बनाउने भ्रष्ट व्यवस्था र शासकहरूका विरुद्ध आम शोषित उत्पीडित जनताले एउटा निर्णायक जनविद्रोह गर्नुपर्ने ऐतिहासिक आवश्यकता टड्कारो बनेको छ ।

## अछामको...

गर्नु त्यो कदापि राम्रो थिएन। त्यो सेवा सुविधा पाउने कुरा नेपाली नागरिकको अधिकारको कुरा हो। त्यो नियम बनाउनु र आफ्नो पालिकालाई नमुना बनाउनको लागि त्यो नियम बनाउनु राम्रो थियो। तर त्यो नियम कानुन सर्वसाधारण जनताका छोरा छोरी लाई मात्र थियो। नियम बनाउने हरूका छोरा छोरी सहरको बोर्डिङ स्कुलमा पढ्ने तर साधारण जनताका छोरा छोरी बाहिर पढ्न न पाउने त्यो कस्तो नियम।

पछिल्लो समयमा जनता त्यति अबुझ पनि थिएनन् किनभने सबैलाई कानुन के हो बुझेकै थिए। त्यही बीचमा आफ्ना छोरा छोरीको भविष्य बनाउन भनेर ऋण निकालेर भारतमा गएर श्रम गरेर भए पनि कसैले छोरा छोरी सहरमा पढाउन थाले। उक्त विद्यालयको अवस्था केही परिवर्तन हुन्छ कि भनेर त्यहाँका स्थानीय बुद्धिजीवी लगायतले कोशिस गरेका हुन तर पनि केही परिवर्तन हुन सकेन। विद्यालय व्यवस्थापन समिति र प्रशासनले एक तर्फी मनसाय ढङ्गले चलाउने गरेको देखिन्छ। शिक्षा जस्तो पवित्र क्षेत्रमा पनि राजनीतिक चल खेल गरेर आफ्ना मान्छे हरू लाई सुरक्षा दिने गरेको देखिन्छ। हाल सम्म निजी स्रोतमा राखेका शिक्षक को तलब भत्ता समेत विद्यालय व्यवस्थापन समितिले दिएको छैन। विद्यालयमा योजना हाल्ने भनेर करिब दुई वर्ष अगाडि एक जना व्यक्ति लाई घुस दिएको पैसा अहिले सम्म न त विद्यालय मा योजना आयो न त पैसा नै आयो। विद्यालय व्यवस्थापन समितिले व्यक्तिगत नाम मा चेक काटेर योजना हाल्ने भनेर घूस दिएको पैसाको विषयमा व्यवस्थापन समिति नै चुप लागेर बसेको छ।

२०८२ सालमा त्यो विद्यालयलाई सुधार्न सकिन्छ कि भनेर मैले धेरै कोसिस गरे सम्भव भएन। विद्यालयमा भएको भ्ष्ट्राचार, अनियमितता, र आर्थिक घोटालाको बारेमा छलफल गरेका थियौं। यो विषयमा छलफल गर्दै गर्दा पनि केही भष्ट्राचारीहरूका मुटु भने डरले निकै हल्लेका थिए। स्थानीय जनताले आफ्नै गाउँघरका मान्छे हुन छोड्दिनु भने पछि चुप लागे।

विडम्बना २०८१ सालमा प्रकाशन भएको एस ई ई रिजल्ट हेर्दा त्यो विद्यालयममा अछामको मात्र होइन तुर्माखाँद गाउँपालिकाको सबै विद्यालयको भन्दा कम विद्यार्थी पास भएका छन। एस.ई ई.परीक्षामा सहभागी भएका १७ जना मध्ये ४ जना मात्र पास भएका छन् । जुन विद्यार्थी त्यो स्कुलमा न पढेर सहर गएर पढेका विद्यार्थी बाहेक अरु कोही पास हुन सकेका छैनन। जुन विद्यालयमा शिक्षकको दरबन्दी न भएर आफ्ना कार्यकर्ता भर्ती गर्ने केन्द्र बनाइएको छ। दुःखत कुरा त यो की आज जुन विद्यालयमा अङ्ग्रेजी, विज्ञान र गणित विषयका शिक्षक २-२ जना हुँदा समेत एस. ई.ई. को नतिजा राम्रो हुन नसक्नुमा मुख्य राजनीतिक हो ।

परीक्षा पास गर्नु हुने सम्पूर्ण विद्यार्थी भाई बहिनी हरूलाई हार्दिक बधाई तथा शुभकामना। साथै सम्पुर्ण जनता अब जाग्न पनि तयार हुनु पर्छ। विद्यालय जस्तो पवित्र क्षेत्रमा राजनीतिक गर्न बन्द गरियोस् ।

*(लेखक वि.क. अखिल (क्रान्तिकारी) का बाँके जिल्ला संयोजक हुनुहन्छ )*

## भ्रष्टाचारका...

हो यो ? आमाले भन्नुभयो- यो सीतामढी हो, म तिमीलाई अस्पताल लगिरहेकी छु । केही चिन्ता नगर, ठीक हुन्छ ।

त्यसपछि मेरो आँखा फेरि बन्द भयो । मेरो उपचार तीन महिनासम्म भयो । उपचारमा मेरो साढे ३ लाख आईसी खर्च भयो । घटनापछि आलमले एकपटक पनि मेरो बारेमा सोधेनन्– मान्छे कस्तो छ, के छ ? अनि उनले उपचारका लागि एक रूपैयाँ पनि दिएनन् । आज म सरकारसँग निवेदन गर्छु, त्यस्तो मान्छेलाई छोड्नुभएन । त्यसलाई कडाभन्दा कडा सजाय दिनुपर्‍यो ।

यो घटना चुनावको एक दिनअघि भएको हो । २८ चैतमा चुनाव थियो । २७ चैतमा बेलुकातिर अफताब आलमको काकाको घरमा बम विस्फोट भएको थियो । मैले पनि सुनेको त्यहाँ धेरै मान्छे जलेका छन् भनेर, त्यतिबेला गाउँको मान्छेले मलाई उठाएर कसरी भारतसम्म पुर्‍याउने मलाई थाहा भएन । दुई जना मेरो गाउँको मान्छे पनि जलेका थिए, एउटाको हातमा र अर्कोको अलिकति खुट्टामा लागेको छ । कति मान्छे घाइते भए, त्यो त मलाई थाहा भएन ।

त्यहाँ बम विस्फोट भएको छ, मलाई बमको छर्राले लागेको छ । अदालतको फैसलाले मलाई अन्याय भएको छ । अरु मान्छे चाहिँ कति मर्‍यो मलाई थाहा भएन ।

प्रहरी चौकीमा मैले बयान दिँदा मेरो घरमा गएको थियो । म घरमा नहुँदाखेरि त्यसको मान्छे गएर मेरो आमालाई धम्की दिएका थिए । त्यतिबेला उनीहरूले आमलाई भन्ने गरेका थिए, - तिम्रो छोरा त मर्‍यो अब ।

अफताब आलम छुटेकोमा मलाई दुःख लाग्यो । त्यस्तो मान्छे छुट्यो, मलाई धम्की पनि दिएको छ । मलाई मार्छ जस्तो लागेको छ । अब मलाई डर भयो । मेरो शारीरिक अवस्था नाजुक छ । काम पनि भेटिँदैन, काम गर्न पनि सक्दिनँ । म मर्ने कि बाँच्ने ? कसरी बाँचौं म यो दुनियाँमा ?

## क्रान्तिकारी

भएको कार्यशालामा सहजीकरणको जिम्मेवारी ९ नं. ब्यूरो ईन्चार्ज दिनेश शर्मा र सेक्रेटरी चिन्तामणि पौडेलले सम्हाल्नु भएको थियो । कार्यशालामा संगठन सुदृढीकरण, राजनीतिक चेतना अभिवृद्धि, जनसम्बन्ध विस्तार, युवा तथा महिलाको सहभागिता, तथा नयाँ कार्यदिशाका विषयमा गहिरो छलफल गरिएको थियो ।

तीन दिनसम्म चलेको यो कार्यशाला प्रशिक्षणमूलक, वैचारिक र सांगठनिक दृष्टिले निकै महत्वपूर्ण भएको सहभागीहरूले बताएका छन् । कार्यशालाले पार्टी कार्यकर्ताहरूमा क्रान्तिकारी विचारधाराप्रति प्रतिबद्धता थप सुदृढ बनाएको जनाइएको छ ।

कार्यक्रमको समापन सत्रमा सहभागीहरूले आ-आफ्ना अनुभवहरू सुनाएक थिए साथै भविष्यमा अझ प्रभावकारी रूपमा पार्टी निर्माण र आन्दोलनमा योगदान दिने दृढ संकल्प व्यक्त गरेका थिए ।तीन दिन सम्म सञ्चालन भएको कार्यशालामा क कस्ले के के विषयमा प्रशिक्षण गराईएको थियो ?

***पहिलो दिन***

रामासिङद्धारा पार्टी राजनीति कार्यदिशा र पार्टीको संगठनात्मक स्वरूपको विषयमा प्रशिक्षण गराउनु भएको थियो । त्यसगरी प्रितमले अन्तराष्ट्रिय कम्युनिष्ट आन्दोलन, कम्युनिष्ट अन्तराष्ट्रिय एकता विश्व कम्युनिष्ट पार्टीको मुख्य भूमिका र धर्म, संस्कृतिको बारेमा प्रशिक्षण गराउनु भएके थियो । त्यसैगरि दिनेश शर्माले कम्यूनिष्ट कार्य शैली र कम्यूनिष्ट कार्य पद्धतिको बारेमा प्रशिक्षण गराउनु भएको थियो । त्यसैगरी प्रवाहले वर्ग, वर्गको उत्पति र वर्ग संघर्षको बारेमा प्रशिक्षण गराउनु भएको थियो ।

***दोस्रो दिन***

रामसिङ श्रीसले संगठनात्मक स्वरूप, पार्टीको कार्यदिशा, संगठन संगठनात्मक अनुशासनको बारेमा प्रशिक्षण गराउनु भएको थियो ।

त्यसैगरी दिनेश शर्माले पार्टी कार्यशैली, कार्य पद्धति, अन्तर विरोध पहिचान, संगठन निर्माण र आलोचना, आत्माआलोचनाको बारेमा प्रशिक्षण गराउनु भएको थियो । त्यसैगरी चिन्तामणि शर्माले राजनीतिक पार्टीहरूको विश्लेषण गर्नु भएको थियो ।

त्यसैगरि केदार खतिवडाले अध्ययन, लेखन, संगठनात्मक नियमावलीको बारेमा प्रशिक्षण गराउनु भएको थियो भने प्रतिकले पार्टी र ज.व.स. मोर्चा विचको अन्तर सम्बन्धको बारेमा प्रशिक्षण गराउनु भएको थियो ।

त्यसैगरी बन्धुदेवले नेपाली कम्युनिष्ट आन्दोलनको बारेमा प्रशिक्षण गराउनु भएको थियो भने फडिन्द्र कार्कीले न्यायिक तथा अर्ध न्यायिक निकायमा पेश गरिने कानुनी लिखतका मस्यौदा, सर्कुलर(परिपत्र) र वाचनकलाको बारेमा प्रशिक्षण गराउनु भएको थियो ।

***तेस्रो दिन***

रामसिङ श्रीसले समसामयिक राजनीतिक विषयहरूमा प्रशिक्षण गराउनु भएको थियो भने दिनेश शर्माले ले जनयुद्ध (छापामार) युद्ध र जनविद्रोहको बारेमा प्रशिक्षण गराउनु भएको थियो ।

त्यसैगरि चिन्तामणि शर्माले माईन्यूट लेखन र प्रस्ताव लेखनको बारेमा प्रशिक्षण गराउनु भएको थियो भने प्रकाशले अर्थ, आर्थिक नियमावलीबो बारेमा प्रशिक्षण गराउनु भएको थियो भने हेमन्तप्रकश ओलीले लेनीनवादी संगठनात्मक सिद्धान्त र नेपाली कम्युनिष्ट आन्दोलनको ईतिहास र संगठनको बारेमा प्रशिक्षण गराउनु भएको थियो । कार्यक्रमको अन्तमा सहभागी सबैले २० मिनेटसम्म तिन दिनसम्म सककेका कुराहरू समेटेर आआफ्नो प्रस्तुतिहरू दिनुभएको थियो । समापन कार्यक्रममा सहजकर्ताहरूलाई कदर पत्र र सहभागीहरूलाई प्रमाण पत्र प्रदान गरिएको थियो ।

## कम्युनिस्ट...


मजदुरहरूमाथि अति नै अमानवीय शोषण र अत्याचार देखेपछि मात्रै उहाँहरूले वैज्ञानिक समाजवादी सिद्धान्तको प्रतिपादन गर्नुभयो । त्यसैकारण पुँजीवादमा शोषण , दमन, अन्याय, अत्याचारको जुन अन्तरनिहित प्रवृत्ति छ, त्यसबाट निम्न वर्ग, किसान र मजदुर आदिलाई बचाउन र जोगाउन कम्युनिस्ट पार्टी र कम्युनिस्टहरूको आवश्यकता परेको हो । समाजवादी दर्शन र सिद्धान्तको आवश्यकता परेको हो । कम्युनिस्ट सरल, मृदुभाषी, सङ्घर्षशील आदि चरित्रका हुन्छन् । आफूलाई सर्वहारा वर्गको सांस्कृतिक स्तरमा माथि उठाएर मात्रै कम्युनिस्टहरू सही अर्थमा कम्युनिस्ट बन्दछन् । सामन्ति, पुँजीवादी, निम्न पुँजीवादी तत्वहरूले झै काम गर्ने हो भने एउटा कम्युनिस्टले आफ्नो सांस्कृतिक स्तर माथि उठाउन सक्दैन् । परिणाम पार्टीको क्रान्तिकारी सिद्धान्त र उद्देश्यलाई पुरा अपनाउन असफल रहन्छ । क्रान्तिकारी सिद्धान्त र उद्देश्य अनुसार आफैलाई ढाल्न सक्दैन् । त्यसअनुसारको अनुशासन र जिम्मेवारी पालना गर्न सक्दैन् । त्यसकारण सांस्कृतिक रूपान्तरणको आवश्यकता कम्युनिस्ट पार्टीमा परिरहन्छ । सर्वहारा वर्गको संस्कृतिको आधार भनेको कम्युनिस्ट घोषणपत्रमा लेखेझै सर्वहारा वर्गको निम्ति गुमाउनको लागि केही हुन्न, जित्नको लागि सारा संसार छ भन्ने मान्यता नै हो । यही सैद्धान्तिक मान्यतामाथि सर्वहारा वर्गको संस्कृति टिकेको हुन्छ । यो भनेको कम्युनिस्टहरूको सांस्कृतिक चेतनाले निर्धारण गर्दछ , त्यसैद्धारा निर्देशित रहन्छन् । तर, बिडम्बना के छ भने कम्युनिस्ट नेता तथा कार्यकर्ताहरूमा गैर कम्युनिस्ट सोंचाइ, मान्यता वा स्वार्थद्धारा प्रेरित भएर गैर सर्वहारा वर्गीय कमजोरी अगाडि आइरहेका छन् । पिछडिएको मध्ययुगिन तथा सामन्ती संस्कृतिको प्रभावबाट माथि उठे पनि कैयौ कम्युनिस्टहरू पुँजीवादी संस्कृतिको स्तरसम्म पनि उठन सकेको पाइदैन् । विश्वास चाहिँ सबैभन्दा उन्नत संस्कृतिको गर्ने तर व्यवहार र चिन्तनचाहिँ अत्यन्त पिछडिएको संस्कृतिको गर्ने । भौतिक पक्ष र चेतना मध्य भौतिक पक्षले प्रधानता लिँदालिँदै पनि उन्नत चेतनाले पछि गएर भौतिक पक्षलाई पनि प्रभावित पार्न पर्नेमा भौतिक पक्ष सधै बलियो बन्दै जाने, चेतनामा स्खलन हुँदै जाने, यो नै अहिलेको विश्व कम्युनिस्ट आन्दोलन र नेपालको कम्युनिस्ट आन्दोलनभित्रको पनि समस्या हो ।

*hukumsingh@yahoo.com*

# आलोपालो

## अछामको विकट गाउँ श्री कामेश्वर माध्यमिक विद्यालयको अवस्था

*गाउँको स्थिति र गरिबीको कारण पनि हुन सक्छ सायद विद्यार्थी खासै न पढ्ने र सानो उमेरमा नै भारत जाने गर्न थाले। त्यसैले पनि कक्षा १० सम्म पुग्दा सम्म बढीमा २० देखि ३० जना विद्यार्थी हुन्छन्। उसो त २०७७ सालमा मेरो पनि क्भ्भ् परीक्षा हुन सकेन। कारण त्यति बेला कोरना भाइरसको महामारी रोग आएको थियो। मान्छे बाट मान्छे डराउनु पर्ने अवस्था सिर्जना भएको थियो।*



● प्रकाश वि.क. ●

अछाम को तुर्माखाँद गाउँपालिका वडा नं ६ रानीवन स्थित श्री कामेश्वर माध्यमिक विद्यालय छ । जहाँ म कक्षा १० सम्म अध्ययन गरेको थिएँ। जुन स्कुलमा थुप्रै ठाउँबाट अध्ययन गर्न विद्यार्थीहरू गाउँको उकालो र ओरालो गर्दै भिरको बाटो हिड्नु पर्छ। यति मात्र होइन सधैं जङ्गलको बाटो हिड्दा जङ्गली जनावर समेतको डर हुन्छ। कामेश्वरी मा. वि. विद्यालयमा रामखोला, गैलडा, बाँडेपानी, तलौनी, कवलतोली, कालासेन लगायत वडा नं ८ पल्चोड समेतका विद्यार्थी भाइ, बहिनीहरू समेत पढ्न आउँछन।

गाउँको स्थिति र गरिबीको कारण पनि हुन सक्छ सायद विद्यार्थी खासै न पढ्ने र सानो उमेरमा नै भारत जाने गर्न थाले। त्यसैले पनि कक्षा १० सम्म पुग्दा सम्म बढीमा २० देखि ३० जना विद्यार्थी हुन्छन्। उसो त २०७७ सालमा मेरो पनि क्भ्भ् परीक्षा हुन सकेन। कारण त्यति बेला कोरना भाइरसको महामारी रोग आएको थियो। मान्छे बाट मान्छे डराउनु पर्ने अवस्था सिर्जना भएको थियो। त्यसो हुँदा एस.ई.ई. परीक्षा हुन सकेन। विद्यार्थीको मूल्याङ्कनको आधारमा पास गराइयो।

विभिन्न कारणले त्यो विद्यालयमा सोचे जस्तो पढाई भने कहिल्यै हुन सकेन। शिक्षक भने छुट्टी कति खेर हुन्छ र जुवा तास कति खेर खेल्ने भनेर चिन्तित हुन्थे भने विद्यालय व्यवस्थापन समिति नअनुगमनमा आउँथे न विद्यालय प्रति चासो नै थियो। किनकि त्यो विद्यालयमा सर्व साधारण र गरीब जनताका छोरा छोरी पढ्ने गर्थे। उहाँहरूका छोरा छोरी भने सहरको ठूला र महंगो विद्यालयमा पढ्ने गर्थे। उहाँहरूले हामी माथि खेलबाड गरे पनि केही फरक पर्दैन थियो। किनकि हामी गरीब थियौ र आमा बुवा त्यति बुझ्ने हुनुहुन्न थियो। यति भन्दै गर्दा त्यहाँ विद्यार्थीको पनि गल्ती चाहिँ हुन्छ तर विद्यालयको वातावरण र त्यो भन्दा बढी लापरबाही पनि थियो।

त्यस्तै २०७९ सालको चुनावमा तुर्माखाँद गाउँपालिका अध्यक्ष नेकपा एमाले बाट युवा नेता डम्बर बि सी निर्वाचित हुनु भयो। हामी विद्यार्थीको लागि जसले जिते पनि शिक्षामा राम्रो लगानी गरी विद्यार्थीको भविष्य बनाएर यो देशमा बस्ने वातावरण तयार होस भन्ने थियो। बिस्तारै उहाँको कार्यपालिका बैठक बसेर सम्पूर्ण निर्वाचित जन प्रतिनिधि, शिक्षा र स्वास्थ्य क्षेत्र लगायत विभिन्न संघ संस्थाका जिम्मेवार व्यक्ति बीच भेला गरी आआफ्ना बालबालिका लाई आफ्नो गाउँपालिका भन्दा अरु पालिका वा क्षेत्रमा पढ्न नपाईने र बाहिर गएका विद्यार्थीलाई तत्काल फिर्ता ल्याउन जिम्मेवार व्यक्तिहरू लगायत सम्पूर्णलाई जानकारी गराउनु भयो। यदि बाहिर पढाउने हो भने बसाई सराईको सिफारिस देखाएर मात्र विद्यार्थीको प्रमाण पत्र सम्बन्धित विद्यालयले दिने भनेर विद्यार्थी माथि खेलबाड गर्ने काम भयो। बाहिर पढाउने नै हो भने पालिका र वडा कार्यालयबाट पाउने सबै सेवाहरू रोक्ने हो भनेर समेत भन्नु भयो। आफ्नो गोजीबाट सेवा सुविधा दिए जस्तो *बाँकी ७ पेजमा*


## जलवायु परिवर्तनको असरबाट जोगिऔं

**जलवायु परिवर्तनका असर :**

- हिउँ पग्लने र हिमाल नाङ्गा डाँडामा परिणत हुने, बाढी, पहिरो र सुख्खा बढ्दै जाने, कृषि प्रणालीमा असर पर्ने, जैविक विविधताको विनाश हुने, वातावरणीय प्रणालीमा प्रभाव पर्ने, तापक्रममा वृद्धि हुने,

**जलवायु परिवर्तनबाट बच्न :**

- नवीकरणीय ऊर्जाको प्रयोग गरौं, रुख रोपौं, वनजंगलको संरक्षण गरौं, पुराना सवारी साधनको प्रयोग नगरौं, जलवायु शिक्षामा जोड दिऔं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**


## सर्वहारा...

परिणत गर्दछ र उत्पादनका साधनहरू थप्दै बढाउँदै जान्छ । यसरी पुँजीपतिवर्ग क्रमशः ठूलो पुँजीपतिवर्गमा परिणत हुँदै जान्छ । तर मजदुरहरू सधै मजदुर नै बनिरहन्छन् । उनीहरूले बाँच्नको लागि ज्याला पाउँछन् । काम गरे वापत पाउने ज्यालाले खान लाउन त पुग्ला तर पुँजीको रूपमा लगानी गर्ने हैसियत कहिलै बन्दैन ।

जबसम्म मजदुरवर्गले पुँजीपतिले मलाई काम दिएको छ र मैले खान लाउन र छोराछोरी पालन पाएको छु भनेर ढुक्क रहन्छ तवसम्म उसले आफूमाथि भैरहेको श्रमको शोषणलाई देख्दैन । यसको ठीक विपरीत मजदुरवर्गले आफ्नो सीप, दक्षता र श्रमबाट पुँजीपतिलाई नाफा भएको हो भन्ने कुरा थाहा पाउँछ अनि ऊ सचेत सर्वहारावर्गमा बदलिन्छ र विद्रोहको तयारीमा लाग्दछ । कारखानामा काम गर्ने मजदुरहरूलाई संगठित गरेर मजदुर आन्दोलन उठाउनको लागि तत्परता देखाउँछ । तर मजदुरवर्गले जवसम्म आफ्नो श्रमको मूल्यबाट पुँजीपतिवर्गले मात्र नाफा कमाएर पुँजी बढाउँदै लगेको र आफू जन्मभर मजदुर भएर श्रम बेचेर पनि आर्थिक उत्पीडनमा परेको महशुस नगर्दासम्म विद्रोहको मानसिकता बनाउन सक्दैन । मजदुर विद्रोहका २ वटा पक्षहरू छन् । एउटा अर्थवादी (ट्रेड युनियनवादी) विद्रोह र अर्को सर्वहारावादी विद्रोह । मजदुरवर्गले तलव, कामको घण्टा, ओभरटाइम भत्ता, औषधि, छोराछोरीका लागि शिक्षा दीक्षासम्म मात्र आफ्नो विद्रोह सीमित राख्यो भने त्यो विद्रोह ट्रेड युनियनवादी विद्रोह हुन जान्छ । त्यसको ठाउँमा राज्य व्यवस्थाको पुँजीवादी शोषण, उत्पीडन, पुँजीपति वर्गको हितको पक्षमा बनाइएका नियम कानुन आदि समग्र राज्य व्यवस्थाका विरुद्ध विद्रोह गरेर पुँजीपतिवर्गको राज्य सत्ता उल्टाएर मेहनतकस, मजदुरवर्ग सर्वहारावर्गको राज्यसत्ता वैज्ञानिक समाजवादका निम्ति विद्रोहको तयारी गर्दछ । तव राज्यसत्तामा आमूल परिवर्तनभै सर्वहारावर्गको राज्यसत्ता कायम हुन्छ । जब कार्लमार्क्सले १८४८ मा कम्युनिस्ट घोषणापत्र जारी गरे । अतिरिक्त मूल्यको सिद्धान्त पत्ता लगाए तव पुँजीपतिवर्गद्वारा थिचिएको, मिचिएको, उत्पीडनमा परेको वर्ग मजदुर वर्गले विद्रोहको झण्डा उठायो र पुँजीवादी राज्यसत्ता खतम गरेर आफ्नो राज्यव्यवस्था समाजवादी राज्यव्यवस्था स्थापना गऱ्यो ।

यो त भयो विकसित पुँजीवादी व्यवस्थामा हुने विद्रोहको स्वरूप । अहिले हाम्रो देश सामन्ती, दलाल तथा नोकरशाही वर्गले राज्यसत्ता कब्जा गरेको देश हो । यहाँको अर्थ व्यवस्था र शासकीय स्वरूप धेरै नै पिछडिएको अवस्थामा छ । दलाल अर्थतन्त्रले औद्योगिक उत्पादन र कृषि उत्पादनलाई एक साथ समाप्त पारेको देशलाई दैनिक उपभोग्य वस्तु लगायत सम्पूर्ण वस्तुमा परनिर्भर बनाएको छ । नेपालमा पाइने कच्चा पदार्थमा आधारित उद्योग कलकारखाना कौडीको मूल्यमा बेचेर खाने काम भएको छ । भ्रष्टाचार यति मौलाएको छ कि सरकार, सेना, प्रहरी, अड्डा अदालत प्रशासन, मालपोत, नापी, नगर गाउँपालिकाहरू ठेक्कापट्टा यातायात आदिमा सर्वत्र कमिशन, घुस, अनियमितता, ढिलासुस्तीले जनता आक्रान्त छन् । यी सवै संस्थागत र नीतिगत भ्रष्टाचारले देश उठ्नै नसक्ने गरी थिलोथिलो भएको छ । विश्वविद्यालयदेखि उच्च शिक्षा अध्ययन गर्ने शैक्षिक संस्थाहरू खाली हुँदै गइरहेका छन् । विद्यार्थी र युवाहरू, विदेशमा अध्ययन र रोजगारीको निम्ति ठूलो संख्यामा बाहिरिरहेका छन् । यो सबै किन भइरहेको छ ? यस्तो हुनुको मूलकारण निम्न पुँजीवादी सोंचाई, चिन्तन र व्यवहार नै हो ।

पुँजीवादको विकास नभएको, पिछडिएको उत्पादन प्रणाली र कमजोर अर्थतन्त्र भएका देशहरूमा समाजका हरेक नागरिकहरूको चिन्तन प्रणाली निम्न पुँजीवादी प्रकारको हुन्छ । छरिएको र व्यक्तिगत जीवन पद्धतिले गर्दा अभावै अभावमा जिउनु परेको अवस्था, धनसम्पत्ति हुनेले सुखसँग बाँचेको, खाए लाएको देखेपछि धनसम्पत्ति जम्मा गरे पनि सुख समृद्धि र आनन्दको जीवन जीउन सकिन्छ भन्ने मान्यताले मानिसलाई लोभी, छद्म र आफ्नो परिवारको लागि मात्र धनसम्पत्ति कमाउनुपर्छ भन्ने मान्यता र स्थापित गरेको हुन्छ त्यो नै निम्न पुँजीवादी चिन्तन हो । सिंगो राष्ट्र र समाजको अर्थतन्त्रको विकास नभएसम्म मेरो छुट्टै विकास हुन सक्दैन, समाजको विकास सँगसँगै मेरो पनि विकास हुने हो भन्ने सोंचाई विकसित भएको हुँदैन । यसैले गर्दा कम्युनिस्ट आन्दोलनमा लामो समयसम्म काम गर्दा पनि सर्वहारा विश्व दृष्टिकोणको विकास हुन सकेन। कम्युनिस्ट आन्दोलनमा २०,३०, ४०, ५०,६० वर्षसम्म काम गर्दा पनि पार्टीका नेता तथा कार्यकर्ताहरूमा सर्वहारा विश्व दृष्टिकोण निर्माण हुन सकेन। फलस्वरूप कम्युनिस्ट पार्टी कमजोर हुँदै विसर्जनको दिशातर्फ उन्मुख हुँदै गएको अनुभूति हुन्छ ।

नेपाल परम्परागत र पिछडिएको कृषि प्रणाली भएको देश हो । यहाँ ओद्यौगिक विकास भएको छैन । विदेशी मित्र राष्ट्रहरूले बनाइदिएका उद्योगहरू पनि बहुदलीय शासन प्रणााली शुरु भएदेखि नेपाली कांग्रेसको सरकारले निजीकरण,उदारीकरण, खुला बजार अर्थतन्त्रजस्ता साम्राज्यवादी आर्थिक नीति लागू गर्दै जाँदा निजीकरण गरेर समाप्त पाऱ्यो । पछि नेकपा एमाले र नेकपा माओवादी केन्द्रले समेत त्यही साम्राज्यवादी आर्थिक नीति लागू गर्दै गए । नेपालमा बहुदलीय शासन पुनर्स्थापना भएको पनि पैंतिस वर्ष पूरा भैसक्यो । यो पैंतिस वर्षको अवधिमा नयाँ उद्योग खुलेन र पहिलेदेखि चल्दै आएका उद्योगहरू जस्तै भृकुटी कागज कारखाना ,लुम्बिनी चिनी कारखाना ,विरगञ्ज चिनी कारखाना ,हरिसिद्धि इट्टा टायल कारखाना ,बाँसबारी छाला जुत्ता कारखाना ,हेटौंडा कपडा उद्योग जस्ता छिमेकी देश चीनले बनाईदिएका उद्योगहरू समेत निजीकरण भए । अहिले युवा श्रमशक्ति समेत बेचेर देशलाई पुरै परिनिर्भर बनाए । नेपाली कांग्रेस त सामन्त दलाल तथा नोकरशाही पुँजी पति वर्गको पार्टी हो । नेपाली कांग्रेसले सामन्त दलाल तथा नोकरशाही पुँजीपति वर्गको काम गर्नु स्वभाविक हो । तर कम्युनिष्ट पार्टीको झण्डा र व्यानर मुनि आश्रय लिएर देशको अर्थतन्त्र सामन्त दलाल तथा नोकरशाही पुँजीपतिलाई सुम्पनु देश र जनताकालागि भयानक ठूलो अपराध हो । नेकपा एमाले र माओवादी केन्द्र आफै निम्न पुँजीवादी वर्ग धरातलमा खडा भएको पार्टीहरू हुन् । एमाले र माओवादी केन्द्रका नेता तथा कार्यकर्तामा सर्वहारा विश्व दृष्टिकोणको विकास भएको भए देशको शासन सत्तामा बसेर यसप्रकारका जनविरोधी गतिविधि गर्ने थिएनन् । देश र जनतालाई लुटेर अकुत सम्पत्ति जोड्ने धन्दामा लाग्ने थिएनन् । सबैका सबैले त्यही धन्दा गरेका छन् भन्ने होइन ती पार्टीहरूमा इमान्दार कार्यकर्ताहरू पनि छन् । नेपाली समाजमा व्याप्त निम्न पुँजीवादी चरित्र र चिन्तनले कम्युनिष्ट पार्टीमा जिन्दगी बिताएकाहरूलाई पनि निम्न स्तरमा गिराइदिएको छ । पहिले आफ्नो लागि कमाउने त्यसपछि जहान छोराछोरीको निम्ति कमाइ दिने त्यसपछि आफन्त, नालनाताहरूको लागि मेसो मिलाइदिने तर युग युगदेखि सामन्ती राज्य व्यवस्थाका कारण आर्थिक , राजनीतिक सामाजिक,साँस्कृतिक,नैतिक तथा आर्थिक शोषणमा परेका बहुसंख्यक नेपाली जनतालाई शोषणको जातोबाट मुक्त गर्ने कार्यक्रम ल्याएको खोइ ? यसको पछाडिको मुख्य समस्या सर्वहारा विश्व दृष्टिकोणको विकास नहुनु नै हो । निम्न पुँजीवादी सोचाइले सबै प्रकारका लाभ आफ्नै पोल्टामा पार्न पर्छ ।

नेपालको कम्युनिष्ट आन्दोलन सामन्त ,जमिन्दार ,वर्गबाट आएका टाँठाबाठा व्यक्तिहरूको नेतृत्वबाट शुरु भयो । स्थापना कालमा केही मध्यम वर्गीय व्यक्तिहरूले शुरु गरे पनि पछि उच्च वर्गबाट आएका शहरीया र बुद्धिजीविहरूको नेतृत्व कायम हुँदै गयो । सामन्त ,जमिन्दार र उच्च घरानिया वर्गबाट आएकाहरूमा सम्पत्ति हठ, दम्भ, महत्वाकांक्षा नेतृत्वकोलागि होडवाजी र नेता भए पछि जुनसुकै प्रकारको अपराध गरे पनि पार्टीले छुट दिनु पर्छ भन्ने मान्यता कै कारण कम्युनिष्ट आन्दोलन टुट्फुट र विभाजनको शिकार भए । ७६ वर्ष पछि विसर्जनको संघारमा पुगेको अहिलेको यथार्थता हो । यसको मूल कारण निम्न पुँजीवादी चिन्तन प्रणाली नै हो ।

यो स्वभाविकै हो की मानव समाजको चिन्तन प्रणाली जस्तो छ त्यही चिन्तन बोकेको जनसमुदायबाट मानिसहरू पार्टीमा प्रवेश गर्दछन् । पार्टीमा प्रवेश गरेपछि क्रमशः प्रशिक्षण र व्यवहारद्वारा पार्टी सदस्यहरूलाई सर्वहाराकरण गर्दै लैजानु पर्छ ,वर्गीय रूपले निम्न पुँजीवादी भए पछि पार्टीमा समर्पण, त्याग र निरन्तरता कायम गर्दै अगाडि बढाउने सकियो भने कार्यकर्ताको एउटा पंक्ति सर्वहाराकरण हुँदै जान्छ । पहिलो कुरा त समाजको तल्लो वर्ग शोषित पीडित वर्गबाट नै ठूलो संख्यामा पार्टी सदस्यहरू बनाउनु पर्दछ त्यो वर्गमा पनि निम्न पुँजीवादी सोचाइ हुन्छ । तै पनि अपेक्षाकृत उच्च वर्गबाट आएको सर्वहारा निम्न दृष्टिकोणको विकास नहुनु नै हो । निम्न पुँजीवादी सोचाइले सबै प्रकारको लाभ आफ्नै पोल्टामा पार्नु पर्छ भन्छ । व्यक्तिमा भन्दा तल्लो वर्गबाट आएको व्यक्तिमा सर्वहाराकृत हुँदै जाने सम्भावना बढी हुन्छ ।

सर्वहारा विश्व दृष्टिकोणले समाजमा हुने शोषण ,दमन,उत्पीडन,अन्याय अत्याचार,झुट भ्रष्टाचार वेथिति विसंगतिका विरुद्ध संघर्ष गर्न र समतामूलक सभ्य र सुसंस्कृत मानव समाज निर्माणका लागि अथक प्रयत्न गर्न सिकाउँछ । हजारौं वर्षदेखि कायम भएको शोषण प्रधान राज्य व्यवस्थालाई समाप्त पारेर समाजवादी एवम् साम्यवादी व्यवस्था स्थापनाका लागि अविचलित रूपले अगाडि बढ्न सिकाउँछ । पार्टीमा काम गर्दै जाँदा निस्वार्थ ढंगले जनताको सेवामा समर्पित हुने,त्याग बलिदान र विचारको सच्चाइ प्रति निष्ठावान हुन सकेकोमा सर्वहारा विश्वदृष्टिकोण विकास हुँदै जान्छ ।

पार्टीका नेता तथा कार्यकर्ताहरूमा सर्वहारा विश्वदृष्टिकोण बारे सही समझदारी विकास नहुदा कम्युनिष्ट आन्दोलनले कहिले उग्रवामपन्थी र कहिले दक्षिणपन्थी गल्ती गर्न पुग्दछ । शीघ्रलाभ र शीघ्र विजयको आकांक्षा र ठोस परिस्थितिको ठोस विश्लेषण गर्न नसकेर विश्वका कैयौं देशमा क्रान्तिकारी आन्दोलनले उग्रवामपन्थी दिशा समातेर ठूला ठूला क्षति भएका छन् । ठीक त्यस्तै सर्वहारा विश्व दृष्टिकोणको अभावमा कम्युनिष्ट आन्दोलन दक्षिणपन्थी संशोधनवादमा पतन भएका पनि कैयौं उदाहरणहरू छन् । कम्युनिष्टहरूले राज्यसत्ता प्राप्ति एउटा पक्ष हो भने प्राप्त सत्ताको रक्षा,निरन्तरता सुदृढीकरण र विकास अर्को देशकाल परिस्थिति अनुसार लागू गर्ने प्रयत्न समाजमा चल्ने वर्गसंघर्षमा शोषित पीडित वर्गको पक्षमा उभिने दृढता आफ्नो विचार सिद्धान्त राजनीति विचारको रक्षाको लागि कुनै प्रकारको सौदावाजी नगरीकन निरन्तर संघर्ष गर्ने अठोटले नै सर्वहाराकरणको दिशामा अगाडि बढ्न मद्दत गराउँछ । त्यसरी नै सर्वहारा विश्वदृष्टिकोण निर्माण हुँदै जान्छ । निम्न पुँजीवादी समाजमा सिद्धान्त विचार लाई व्यवहारमा लागू गर्न धेरै अप्ठ्यारो हुन्छ । सिद्धान्तलाई स्वीकार गर्न र विचार अपनाउन सजिलो कुरा हो । तर व्यवहारमा वा कार्यमा लागू गर्ने बेला आउँछ तब मानिसहरू पछाडि हट्छन् ,सर्वहाराकृत हुने योग्यता,क्षमता दृढता र क्षणको पहिचान कार्यक्षेत्रमा नै देखिन्छ । कतिपय मानिसहरूले आफ्नो अवसरवादीता वा ढुलमूलपनलाई लुकाउन क्रान्तिकारीताको प्रदर्शन पनि गर्दछन् । तर उनीहरूलाई संधै निरन्तर अगाडि बढ्न सम्भव हुँदैन ।

त्यसैले हाम्रो जस्तो कमजोर आर्थिक अवस्था भएको देशमा पार्टीमा आउने सदस्यहरूको वर्ग श्रोत निम्न पुँजीवादी भएकोले कम्युनिष्ट पार्टीमा आइसके पछि पार्टी सदस्यहरूलाई उच्च प्रकारको चेतनाको विकास गराउन लगातार प्रशिक्षण काम फेरी प्रशिक्षण फेरी काम दिंदै सर्वहारा विश्वदृष्टिकोणको विकास गराउन सकिन्छ ।

७ दशक देखि निरन्तर कम्युनिष्ट आन्दोलनमा लागेका आफूलाई महान मार्क्सवादी लेनिनवादी ठान्ने र अरुलाई सर्वहारा विश्वदृष्टिकोणको पाठ सिकाउने मान्छे पनि आफूलाई ठूलो आर्थिक लाभ प्राप्त गर्न पदका लागि कति घटिया,निकृष्ट र नीच बन्न सक्दा रहेछन् भन्ने उदाहरण पनि हामी पाउन सकिन्छ । त्यसैले व्यवहारिक रूपान्तरण सबैभन्दा ठूलो कुरा हो । अरुहरूले लेखिदिएका किताबहरू पढ्न र त्यसको व्याख्या गरेर लेख्न गाह्रो छैन । तर आफूले लिएको दर्शन र राजनीति अनुसार आफैलाई रूपान्तरित गर्ने मुख्य कुरा हो । कुन मानिस कति सर्वहाराकृत भएको छ भन्ने बुझ्न मृत्यु पर्यन्त हेर्दै जानु पर्दछ ।






**प्रकाशक** : वर्गदृस्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटो**: जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi2073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।